जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १४, २०७७ साल पुस ३ गते शुक्रबार, नेपाल संवत् ११४१ (Dec. 18, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## जोर बिजोर प्रणाली हट्यो

काठमाडौं । आज शुक्रबारदेखि काठमाडौं उपत्यकामा सार्वजनिक तथा निजी सवारीमा लगाइएको जोर-बिजोर प्रणाली हटेको छ ।

बिहीबार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बसेको सरोकारवाला निकाय र विभिन्न यातायात व्यवसायी र मजदुरका संघ संस्थाका प्रतिनिधिको बैठकले सार्वजनिक सवारीमा जोर-बिजोर कायम गर्दा झनै भीड बढेको निष्कर्ष निकालेको हो । बाँकी ८ पेजमा

## राप्रपा पनि आन्दोलनमा

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकारविरुद्ध संघर्षका कार्यक्रम घोषणा गरेको छ । पार्टीको केन्द्रीय सचिवालय कार्य व्यवस्था समितिको बिहीबार बसेको बैठकले यही पुस १२ गतेदेखि पहिलो चरणको आन्दोलन गर्ने निर्णय गरेको हो।

भ्रष्टाचार नियन्त्रण, कोरोना महामारी नियन्त्रण, बेरोजगारी समस्या समाधानलगायतका विषयमा सरकार असफल भएको भन्दै राप्रपाले देशव्यापी पदर्शन गर्ने भएको छ । बाँकी ८ पेजमा

# नेपालको राजनीतिमा भारतको चासो






काठमाडौं । सत्तारुढ नेकपाभित्रको विवादले निर्णायक मोड लिइरहेका बेला दक्षिण छिमेकी मुलुक भारत र उत्तरी छिमेकी मुलुक चीनले नेपालको राजनीतिमा गम्भीर चासो देखाइरहेका छन् । नेपालको आन्तरिक राजनीतिमा भारतले २००७ सालदेखि नै हस्तक्षेप गर्दै आएको इतिहास साक्षी छ । चीनले भने राजदरबारसँग मात्र सम्बन्ध राख्ने गरेको र आन्तरिक राजनीतिमा खासै चासो प्रकट गर्दैनथ्यो । तर देशमा गणतन्त्र आएपछि नेपाल हेर्ने चिनियाँ दृष्टिकोणमा पनि परिवर्तन आयो । नेपाली राजनीतिमा प्रभावी भूमिका निभाउँदै आएको भारतलाई टक्कर दिन चीनले पनि नेपालमा चलायमान कूटनीति र रणनीति अख्तियार गर्न थाल्यो । तिब्बत मामिलामा सतर्क चीनले नेपालको भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दै भारतको नेपालप्रतिको हेपाहा र मिचाहा रणनीतिलाई भुत्ते सावित गर्न पछिल्ला दिनहरूमा चीनले सतहमै देखिने गरी कूटनीतिक सक्रियतालाई बढाउँदै लगेको देखिन्छ । यसको पहेली भनेकै पश्चिमा शक्तिहरूको गठजोडमा भारतले तिब्बतलाई विखण्डन गराउने साजिस नै हो । चिनियाँ राजदुत हाउछिङको राजनीतिक दौडधुपले त्यसलाई राम्ररी नै प्रस्ट पार्छ ।

अहिले नेपालमा नाम मात्रको भए पनि कम्युनिस्ट सरकार छ । त्यो पनि दुईतिहाई नजिक बहुमत भएको शक्तिवान । चीन पनि कम्युनिस्ट मुलुक भएकाले नेपाल सरकार र चिनियाँ सरकारबीच घनिष्ट सम्बन्ध हुने नै भयो । माओवादलाई ड्प गरेको सत्तारुढ नेकपाले सिजिन पिङ विचारधारालाई पार्टीभित्र प्रवेश गराएको छ । नेकपाका नेताहरूले बाक्लै रुपमा चीन भ्रमण गरेका छन् । साथै चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागको नेतृत्वले नेकपाका नेताहरूलाई सि जिन पिङ विचारधाराबारे प्रशिक्षण समेत दिएका छन् । वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारलाई प्रो. चाइनिज भनेर भारतीय कूटनीतिक विश्लेषकहरूले आरोप लगाउने गरेका छन् । विनाशकारी भूकम्पको धुरो टकटक्याउन नपाउँदै भारतले नेपालमाथि अमानवीय नाकाबन्दी लगाएपछि नेपाल चीनतर्फ झुकाव बढाउन बाध्य भयो । त्यसै बेला बेइजिङ भ्रमणमा गएका प्रधानमन्त्री ओलीले चीनसँग ऐतिहासिक पारवहन सन्धि गरी भारतबेष्ठित नेपाललाई भूजडित नेपाल बनाए । भारतसँगको परनिर्भरता कम गर्न यो सन्धिले कालान्तरमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा कुनै सन्देह छैन । समुद्रसम्मको नेपालको पहुँचलाई चीनले स्वीकृति दिएपछि भारतीय शासक वर्गमा खैलाबैला नै मच्चियो । त्यसैबेलादेखि दिल्लीले काठमाडौंलाई चिनियाँ चश्माबाट हेर्न थालेको हो ।

विशेष राज्यको दर्जा प्राप्त जम्मु र कस्मिरलाई केन्द्र शासित प्रदेशमा परिणत गरेपछि गत वर्ष २ नोभेम्बरमा नयाँ राजनीतिक नक्सा जारी गरेपछि सात दशक पुरानो नेपाल भारत सीमा विवाद फेरि बल्भियो । नेपालको पश्चिमी सीमा लिम्पियाधुरा हुँदै कालापानी र लिपुलेकसम्मको क्षेत्र आफ्नो भूभागमा पारेर भारतले एकतर्फी ढंगले सार्वजनिक गरेको नक्साले नेपालमा तीव्र आक्रोश जन्मायो । परराष्ट्र मन्त्रालयले २०७६ कात्तिक २० गते विज्ञप्ति जारी गर्दै कालापानीको भूभाग आफ्नो भएकोमा सरकार प्रस्ट भएको भन्दै नागरिकको असन्तुष्टिलाई सम्बोधन गर्न खोज्यो । बाँकी ८ पेजमा

## मालेको गम्भीर आपत्ति

काठमाडौं । सरकारले हालै ल्याएको अध्यादेशको विरोध गर्दै नेकपा मालेले गम्भीर आपत्ति जनाएको छ । माले महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र विधि र प्रकृया सच्याउने तुलमुनि सत्ता-स्वार्थ र भागबण्डाको निम्ति दुई गुटबीच महिनौंदेखि भइरहेको रगडा र झगडाबाट उछिट्टिएको झटारो ३० मंसिरमा अचानक सरकार-संचालन कार्यमाथि नराम्ररी बजारिएको छ । प्रधानमन्त्रीद्वारा मंसिर २९ गते बोलाइएको संवैधानिक परिषदको बैठकमा प्रतिपक्ष दलका नेता र सभामुख अनुपस्थित भएपछि भोलिपल्ट ३० गते विहान सारिएको सो बैठकमा गुटगत कारणले सभामुख पुनः अनुपस्थित भए । त्यस पछि सो बैठकलाई त्यही साँझ ५ बजे बस्ने गरी सारेर ऐनद्वारा निर्धारित सम्वैधानिक परिषदका काम, कर्तव्य र कार्यविधिलाई आफ्नो अनुकुल संशोधित गर्दै प्रधानमन्त्रीले त्यही



दिन राष्ट्रपतिद्वारा अध्यादेश जारी गराए । आफ्नै वैधताबारे प्रश्न बोकी आएको उक्त अध्यादेशले राष्ट्रपति र प्रधानमन्त्रीबारे विविध कोणबाट प्रश्न र विरोध गर्ने ठाउँ दिएको मात्र छैन, त्यसले यस व्यवस्थाको शक्ति सन्तुलन र पृथकीकरणको बाँकी ८ पेजमा

## अध्यादेशबाट किन पछि हटे ओली ?

काठमाडौं । पार्टीभित्र र बाहिर दुवैतिर चर्को आलोचना र विरोध भएपछि प्रधानमन्त्री केपी ओली संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी अध्यादेश फिर्ता गर्न सहमत भएका छन् । मंगलबार जारी भएको अध्यादेशअनुसार संवैधानिक अंगका पदाधिकारीहरू नियुक्ति गर्दा संवैधानिक र कानुनी प्रक्रियाको सामनासँगै पार्टीको बहुमत पंक्ति प्रमुख विपक्षी कांग्रेससहित संसदमा प्रतिनिधित्व गर्ने दल विपक्षमा उभिने निश्चित भएपछि ओली अध्यादेश फिर्ता गर्ने बाटो रोज्न राजी भएका हुन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको स्थायी कमिटी बैठकबाट अध्यादेश फिर्ता लिएर सहमतिमै संवैधानिक अंगका पदाधिकारीहरू नियुक्ति गर्ने, संसदको विशेष अधिवेशन बोलाउन गरिएको आवेदन फिर्ता निर्णय भएको छ । साथै स्थायी कमिटीको



बैठक पुस ५ गते बस्ने तय भएको छ । ओली अध्यादेश फिर्ता गरेर सहमतिबाटै अघि बढ्न तयार भएपछि प्रचण्ड नेपाल समूह पनि तत्काल संसदको अधिवेशन बोलाउने तयारीबाट एककदम ब्याक हटेको छ । प्रधानमन्त्री ओलीले सभामुख अग्नि सापकोटाको संविधान विरोधी भूमिकाका कारण संवैधानिक अंगका पदाधिकारीहरूको नियुक्तिका लागि अध्यादेश ल्याउनु परेको दावी गरेका छन् । तर प्रचण्ड नेपाल समूहले संसदको विशेष अधिवेशन बोलाएर थप अध्यादेश ल्याउने बाटो बन्द गर्ने गरी 'काउन्टर' जवाफको बाटो रोजेपछि दुवै पक्षले तत्कालाक लागि पार्टी विखण्डनलाई टार्दै नयाँ रणनीति तय गर्ने बाटो रोजेका हुन् ।

गत ८ बैशाखमा पनि प्रधानमन्त्री ओलीले अध्यक्ष प्रचण्डसहित सचिवालय नेताहरूको परामर्श र सचिवालय बैठकपछि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र राजनीतिक दलसम्बन्धी अध्यादेश फिर्ता लिएका थिए । विशेष अधिवेशनको माग गर्दै नेकपाका ८३ जना सांसदहरू शितल निवास पुगेपछि ओली थप दबाबमा परे । स्थायी कमिटीको बैठक सुरु नहुँदै ओली, दाहाल, महासचिव विष्णु पौडेल, संसदीय दलका उपनेता सुवास नेम्वाङ, घनश्याम भुसाल र शंकर पोखरेलको बैठक बसेको थियो । छलफलका क्रममा ओलीले आफू पछि नहट्ने बताएका थिए । तर सहभागी बाँकी ८ पेजमा

## कांग्रेसले सदन र सडक तताउने

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले तत्काल संसदको हिउँदे अधिवेशन बोलाउन माग गरेको छ । सडकसँगै सदनबाट पनि सरकारका स्वेच्छाचारी निर्णयविरुद्ध संघर्ष गर्ने कांग्रेसको तयारी छ । यसअघि कांग्रेसले सरकारविरुद्ध ७७ वटै जिल्लामा विरोध प्रदर्शन र आमसभा सम्पन्न गरिसकेको छ । तीन वर्षसम्म चुपचाप बसेको कांग्रेस सरकार अधिनायकवादी र सर्वसत्तावादी भयो भन्दै संघर्षको मोर्चामा देखापरेको छ ।

संसद अधिवेशन बस्न दुई साता बाँकी रहँदा सरकारले एकाएक संविधानमाथि हस्तक्षेप हुने गरी संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएपछि त्यसको प्रतिरोध गर्नेबारे छलफल गर्न बुधबार सभापति शेरबहादुर देउवाले आफ्नै निवास बुढानिलकण्ठमा पदाधिकारी र पूर्वपदाधिकारीहरूको बैठक बोलाएका थिए । बाँकी ८ पेजमा

## उखु किसानलाई दलहरुको साथ

काठमाडौं । उखु किसानको आन्दोलनमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी (जसपा) ले पनि ऐक्यबद्धता जनाएको छ । नेपाली कांग्रेसको प्रवक्ता विश्वप्रकाश शर्माले माइतीघरमा पुगेर आन्दोलनरत उखु किसानहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाएका हुन् ।

उनले सरकारले चिनी उद्योगीमार्फत किसानको बाँकी बक्यौता भुक्तानीका लागि समन्वय गर्नुपर्नेमा जोड दिए । चिनी उद्योगीका आफ्नै प्रकारको चुनौती, अप्ठ्यारा भएपनि राज्यले किसानको जे समस्या हो, त्यो समस्या समाधान गर्ने तर्फ काम गर्नुपर्ने उनको भनाइ थियो । अघिल्ला वर्ष पनि उखु किसान चिसोमा यसरी नै बाँकी बक्यौता पाऊँ भन्दै आएकोमा यो वर्ष पनि चिसोमा 'मेरो माग पुरा गर, मेरो पसिनाको मोल देउ' भन्दै काठमाडौं आउने अवस्था आउनु राम्रो विषय नभएको उनको बाँकी ८ पेजमा

## साल्ट ट्रेडिङ नाफामा

काठमाडौं । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले आ.व.२०७५।७६ मा ७३ करोड १४ लाख रुपैया नाफा आर्जन गरेको छ । सो अवधिमा कर्पोरेशनले आम उपभोक्तालाई खाद्यवस्तु, रासायनिक मल तथा अन्य वस्तुको सरल र सहज आपूर्ति गरि सामाजिक उत्तरदायित्व वहन गर्दै ८ अर्व २५ करोड रुपैया बराबरको कारोबार गरेको पनि जनाएको छ ।

कर्पोरेशनको ५३ औं साधारणसभाले नाफाबाट शेयरधनीलाई १० प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्तावलाई स्वीकृत गरेको छ । विगत वर्षमा कर्पोरेशने आयात गरेको चिनी मध्ये २ हजार ५०० मे.टन चिनी भंसार बिन्दुमा आइपुग्ने समयमा सरकारबाट विदेशी चिनीको आयातमा प्रतिबन्ध लगाउने निर्णयले उक्त चिनी धेरै बाँकी ८ पेजमा

## आज २२ दलको प्रदर्शन

काठमाडौं । विभिन्न २२ राजनीतिक दलहरूले आज सरकारविरुद्ध प्रदर्शन गर्ने भएका छन् । संसदको मुख्य विपक्षी दल कांग्रेसले गत मंसिर २९ गते ७७ वटै जिल्लामा सरकारविरुद्ध प्रदर्शन गरेको थियो ।

विभिन्न २२ राजनीतिक पार्टीका तर्फबाट जारी गरिएको विज्ञप्तिमा भनिएको छ- देश यतिखेर संगीन अवस्थाबाट गुज्रिरहेको छ । विगतमा हाम्रो कार्यगत एकताले उठाएका राष्ट्रियता जनजीविका लगायत सरकारले जनविरोधी राष्ट्रविरोधी कामको विरोध र भण्डाफोर गर्दै आएको कुरा सर्वविदितै छ । त्यसलाई निरन्तरता दिँदै पछिल्लो चरणमा थप देखापरेको प्रतिगमनको खतरा समेतको विरोधमा आगामी पुस ३ गते दिनको १ बजे बाँकी ८ पेजमा

## नेपालको सार्वभौमसत्ता कहाँ छ ?

समय-सन्दर्भ

■ - डा. रमेश दाहाल

अफ्रिकी नेताहरू यदाकदा राजनीतिक छलफल गर्न दक्षिण अफ्रिकाको राजधानी जोहानसवर्ग पुग्ने गरेको कुरा संचारमाध्यमहरूमा आउने गर्छ । 'मध्यपूर्व' समस्याको समाधान गर्न पटकपटक अमेरिकामा समेत छलफल भएको इतिहास छ । कम्बोडियाको गृहयुद्धबारे पेरिसमा पनि वार्ता भएको थियो । यस्ता घटनाहरूले कुनै पनि देशको 'आन्तरिक मामिला' भूगोलको सीमित क्षेत्रफलभन्दा बाहिर गएर छताछुल्ल हुन सक्छ भने उदाहरण मिल्छ । तर, जब सार्वभौमसत्तामै खेलवाड गर्न खोज्ने घटनाहरू दृष्टिगोचर हुन्छ, तव सबैले सतर्क हुनैपर्छ । नेपालमा देखिएको पछिल्लो राजनीतिक घटनाक्रमले यही कुरालाई संकेत गर्छ । इतिहासमै पहिलो पटक दर्जनौं विदेशीहरू नेपालमा राजनीतिक सल्लाह दिन आइरहेका छन् । नेपाली नेताहरू बारम्बार विदेश धाइरहेका छन् । यो प्रवृत्तिले नेपालको सार्वभौमसत्तालाई जिस्क्याएको अनुभूति हुनथालेको छ ।

तराईमा आन्दोलन गरेका केही नेताले काठमाडौंस्थित भारतीय दूतावासमै गएर भारतीय कूटनीतिज्ञहरूकै अभिभावकत्वमा वार्ता गरेपछि धेरैलाई त्यो कुरा चित्त बुझेन । जनताले 'सार्वभौमसत्ताका मालिक' भन्ने नेताहरू स-साना विषयमा पनि विदेशीलाई गुरु थापेर दीक्षा लिने गरिरहेका छन् । वि.सं. २०१६ सालतिर नेपालको मन्त्रिपरिषद्को बैठक काठमाडौंको एउटा विदेशी दूतावासमा समेत बस्ने गर्थ्यो भनेर इतिहासकार गृष्मबहादुर देवकोटाले 'नेपालको राजनीतिक दर्पण' पुस्तकमा लेखेका छन् । झन्डै पचास वर्षपछि पनि हाम्रा नेताहरू हरेक कुरामा विदेशीकै मुख ताक्छन् भने के यो नेपालीहरूको दुर्भाग्य होइन ? के स्वदेशका बारेमा आफैले निर्णय गर्ने क्षमता नेपालका नेताहरूमा छैन ?

इतिहासले निर्मम सत्य उजागर गर्छ । इतिहास भनेको घटनाहरूको बेलिविस्तार मात्र होइन, समयको रेफ्री पनि हो । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुवै भारतीय भूमिमा जन्मेका हुन् । वीपी कोइराला, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराईलगायतका कतिपय नेता पनि भारतमै जन्मिए । त्यसो त भारत विभक्त हुनुअघि भारतका हालका चर्चित नेता इन्दरकुमार गुजराल, ज्योति वसु, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# उखु किसानको समस्या हल गर

मुलुकमा अहिले दुईतिहाईको कम्युनिस्ट सरकार सत्तामा रहेको छ । मजदुर, किसान र निम्न वर्गको हित चाहने कम्युनिस्ट सरकार सत्तामा भएका बेला आफ्नै वर्गका किसानहरू सडकमा रूवाबासी गर्दै हिंड्नुपर्ने अवस्था आउनु आफैंमा लज्जास्पद र बेमेल विषय बनेको छ । तराईका विभिन्न जिल्लाका उखु किसानको करोडौंको उखु उधारोमा लिएर मिल मालिकले वर्षौंसम्म किसानको पैसा तिरेनन् । किसानको उखुबाट निकालेको चिनी बेचेर मालिकले पैसा अन्तै खर्च गरे पनि किसानलाई नदिएका कारण ऋणमा डुबेका किसान रूवाबासी गर्दै आन्दोलनमा उत्रन बाध्य बनेका छन् । काठमाडौंको मुटु कमाउने जाडोमा आफ्नो कृषि उपजको मूल्य माग्न धर्ना बस्नु, जुलुस गर्नुपर्ने अवस्थामा किसानलाई पुऱ्याउने मिल मालिकहरू पक्कै पनि रगत चुस्ने उडुस जस्ता हुन् । तिनै उडुसरूपी मालिकसँग साँठगाँठ गरेर किसानको रोदन नसुन्ने सरकार कस्तो खालको कम्युनिस्ट सरकार हो ? चौतर्फी प्रश्न उठिरहेको छ ।

अहिले रेडियो, टेलिभिजन जताततै युवाहरूलाई कृषिमा लाग्न आह्वान गरेका विज्ञापन बज्ने गरेका छन् । पहिल्यैदेखि लागेर आफ्नो सर्वस्व खेती किसानीलाई ठान्ने किसानहरूको यो अवस्था देखेपछि युवापुस्ता कृषिमा कसरी आकर्षित बन्ने । उखु किसानले पहिला पनि काठमाडौं आएर आन्दोलन नगरेका होइनन् । मालिकहरूले पैसा तिर्ने झूटो आश्वासन दिएपछि आन्दोलन रोकिएको थियो । तर वर्ष दिन बितेर जाँदा पनि किसानका हातमा पैसा परेन । आफूसँग भएको १।२ कठ्ठा जग्गा र बस्ने घरसमेत धितो बन्धकमा राखेर उखु खेतीको लागि ऋण लिएका किसानहरू ऋण तिर्न नसकेपछि घरबारबिहीन बन्ने अवस्थामा पुगेका छन् । उता किसानको करोडौं पैसा भुक्तानी दिन बाँकी रहेका मिल मालिकहरू अझै टसको मस भएका छैनन् । यस्तो अवस्थामा सरकारले पहल कदमी लिनैपर्ने हुन्छ । मिल मालिकका चल, अचल सम्पत्ति तत्काल लिलाम गरेर किसानको पैसा तिर्ने व्यवस्था अविलम्ब मिलाउनुपर्छ । किसानको सरकारप्रति भरोसा टुट्ने अवस्था आएमा त्यसको परिणाम गम्भीर र भयावह बन्न सक्छ । यसतर्फ सरकारको तत्काल ध्यानाकर्षण हुन आवश्यक छ ।

सरकारले कृषि क्षेत्रको प्रबर्द्धन गर्ने थुप्रै योजना अघि सारे पनि उत्पादनको ग्यारेन्टी गर्ने नीति सरकारले लिएको छैन । नेपाली किसानका उत्पादनको संरक्षण, सम्बर्द्धन र बजारीकरण गर्न सरकार लागि पर्नुपर्छ । घरेलु उत्पादनलाई विदेशबाट निर्वाध रूपमा भित्रिने कृषि उपजले समस्यामा पारिरहेको अवस्था छ । समयमा मल, बिउ, किटनाशक औषधि जस्ता कुराको व्यवस्थापन हुन सकेको छैन । खेतीको समयमा जहिले पनि मलको हाहाकार भएका समाचारले मिडिया छाउने गरेको पाइन्छ । उखु किसानलगायत सम्पूर्ण किसानहरूका समस्या निराकरण गर्न सरकार तदारूकताका साथ लागेमा मात्र कृषि क्षेत्रले सोचेजस्तो उपलब्धि हासिल गर्न सक्छ ।

# पुस १ गतेको पुनरावृत्ति होला र ?



**सुरेन्द्र ढकाल**

पुस १ गतेको पूर्वसन्ध्यामा प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषदसम्बन्धी अध्यादेश आफ्ना केविनट मन्त्रीहरूलाई समेत थाहा नै नदिई आफ्नै कठपुतलीबाट जारी गर्न लगाएपछि राजनीतिक वृत्तमा नया तरंग चल्यो । यसअघि पनि उनले ल्याएको एक अध्यादेश विरोधको कारण फिर्ता लिन परेको थियो । संसद नचलेको बेलामा अति आवश्यक भएमात्र अध्यादेश ल्याइन्छ र त्यस्तो अध्यादेश संसद बस्ने बित्तिकै त्यहाँ पेस गरी अनुमोदन गर्नुपर्ने हुन्छ अन्यथा त्यस्तो अध्यादेश स्वतः खारेज हुन्छ । संसदले उनलाई प्रधानमन्त्री बनायो, त्यही संसदलाई उनले बन्द गरी धमाधम अध्यादेश जारी गर्दै छन् उनी ।

अहिले नेपालको गणतान्त्रिक प्रजातन्त्र ओली एकलतन्त्रमा परिणत भएको अवस्था छ । जहा भन्यो त्यही, जहिले पायो उहिले अध्यादेशमा हस्ताक्षर ठोक्ने अनि २४ घण्टा नबित्दै फिर्ता लिने राष्ट्रपति पाएपछि ओलीलाई छुने कसले ? नेपालको गणतन्त्रलाई त ओली विद्याले खेलाँची प्रमाणित गरिदिएका छन् । ओलीलाई ट्रयाकमा ल्याउन उनकै पार्टीको बहुमत पक्ष त असफल छ भने कांग्रेसको सडक प्रदर्शनले के नै लछारपाटो लगाउला र ? २०१५ सालको चुनावबाट बनेको प्रचण्ड बहुमतसहितको सरकारको नाइके विश्वेश्वरले राजाले उनलाइ मात्रै नभै संसदीय व्यवस्था नै बर्खास्त गर्लान् भनेर सपनामा पनि सोचेका थिएनन् होला तर त्यो घटी छाड्यो ।

अहिले राजावादीहरू सडक तताइरहेका छन् । कसको कारणले ? गणतान्त्रिक नेपालले राष्ट्रियता र जनजीविकाको ग्यारेन्टी गर्न सकेको भए, भ्रष्टाचार नियन्त्रण गरी सदाचार कायम गर्न सकेको भए, राम्रो शान्ति सुरक्षा कायम गरी बलात्कार र हत्याका घटनाहरू घटन नदिएको भए सडकमा उत्री नाराबाजी गर्ने रहर कसलाई लाग्थ्यो होला र ? नारा चाहीँ समृद्ध नेपाल र सुखी नेपालीको अनि व्यवहार चाहिँ नातावाद, कृपावाद, कमिशनखोर र विदेशीसामु लम्पसारवाद भएपछि कति दिन टिक्ला र यस्तो ब्यवस्था र शासन ? हरेक वर्ष पुस १ गते आउँदा बहुलवादी व्यवस्थाले निर्दलीय व्यवस्थाभन्दा आफूलाई अब्बल सावित गर्न नसकेको मात्रै होइन, असक्षम सावित गरिरहेको टिकाटिप्पणी आमरुपमा चल्नुले कतै संसदीय गणतन्त्रवादी शासकहरू नै यसको जरो काट्न लागि परेका त छैनन् भन्ने तर्कहरूले बजार ताती रहेको छ भने के यो व्यवस्था दिगो होला ? नभए के होला त भन्दा उही पुस १ गतेको पुनरावृत्ति ।

ओलीले जुन किसिमबाट चुट्की बजाउँदा अध्यादेश आउँछ त्यसले त राजतन्त्रकालिन निरंकुशतालाई समेत उछिनेको परिप्रेक्ष्यमा पुस १ गते पुनरावृत्ति नहोला भनेर ठोकेर भन्ने अवस्था छैन ।

# आम नागरिकमा फेरि हिंसाको त्रास



**गोविन्द विक**

सरकारद्वारा प्रतिवन्धित गरिएको नेत्र विक्रम चन्द नेतृत्वको राजनैतिक समुहले शिक्षक हत्या गरेर हिंसाको मार्ग अवलम्बन गर्दैछ । वर्तमान राज्य व्यवस्थाका विरुद्धमा लड्नका लागि उक्त समुहले आन्दोलन अगाडी बढाएको थियो । यो सरकार व्यवहारत माफियाहरूको पक्षपोषण गर्ने भष्ट्रचारको संरक्षण गर्ने दलाली घुसखोरी तस्करी तथा अपराधीलाई राजनैतिक संरक्षण दिएर राज्य दोहनमा लागेको आरोपसहित सिङगो व्यवस्था नै ठिक नभएको भनाइ उक्त समुहको रहेको पाइन्छ ।

आम नागारिकलाई मालिक बनाउने नागारिक र मुलुकको समृद्धी तथा विकासलाई मुख्य आधार बनाइ देशमा राज्य व्यवस्था पुर्नसंरचना गर्ने भनेर गरिएको जनक्रान्तीले दुई चार जना नेताहरूको बाहेक कसैको पनि जिवन पद्धतिमा सुधार ल्याउन नसकेको र जनताका अधिकार कुन्ठीत गर्नेगरी सरकारले आफ्ना गतिविधिहरू अगाडी बढाएको भनेर नेत्र विक्रम चन्द नेतृत्वको नेकपा माओवादी पाटीले फेरी विद्रोहको मार्गातिर लागेको छ ।

सरकारप्रति व्यापक जनआक्रोस बढिरहेका बेलामा विप्लव नेतृत्वको पाटीले आफ्ना गतिविधिहरूको सुराकी गरेको आरोपमा शिक्षकलाई भौतिक कारवाही गरेसँगै आम नागारिकमा फेरी जनयुद्धको झल्को हुनेगरी त्रास फैलिएको छ । तत्कालिन माओवादी जनयुद्ध पनि यस्तै समान्य घटनाको झिल्कोबाट सल्किएर जनयुद्धको डढेलोमा परिणत भएको घटना हामीबाट छिपेको छैन । २०५२ साला ताका सरकारले तत्कालिन माओवादीको मागलाई बेवास्ता गरेको हुनाले नै देशले १० वर्ष माओवादी जनयुद्धको सामना गरेको थियो ।

कयौ मानिसहरूले विद्रोही पक्ष र सरकारको लडाइमा परेर अनाहकमा ज्यान गुमाएका थिए । अझैपनि जनयुद्धका घाउहरू आलै छन । अहिले सरकारले पनि विप्लव नेतृत्वको समुहलाई वार्तामा ल्याउनुको सट्टा उसका गतिविधिहरूमाथी प्रतिवन्ध लगाएर हिंसाको बाटोमा जान उत्तेजित बनाइराखेको छ । यहि व्यवस्थाभित्र विप्लव समुहलाई पनि अटाएर सरकारले हिंसाको बाटोबाट रोक्न पहल गर्नुपर्दछ । हिजो तत्कालिन माओवादीले गरेको जनयुद्धबाट पनि अहिलेको सरकारले पाठ सिक्नुपर्दछ । नेकपा माओवादीबाट चोइटिएर गएको विप्लव समुहले युद्धको संकेत गरिसकेको छ । माओवादी जनयुद्धमा सँगै लडेका राम बहादुर थापा वादल सरकारका गृह मन्त्री छन भने त्यही युद्धमा लडेका अर्का नेता विप्लव आज सरकारका विरुद्धमा हिंसा मच्चाउन खोज्दैछन ।

**सरकार बाहिर हुने प्रतिपक्ष दल पनि निधाएर बस्नु भन्दा देशमा सुरू भएको हिंसाप्रति गम्भीर भएर सरकारलाई खबरदारी गर्न आवश्यक छ । हिंसा भडकीदै जाने सरकार धरपकटमा उत्रिने हो भने मुठभेटको अवस्था आउछ ।**

विप्लव समुहलाई बार्तामा वस्नका लागि पहल गर्नु त कता हो कता उल्टै उक्त समुहमाथी निगरानी बढाउन प्रहरीलाई गृहमन्त्रीको निर्देशन भइराखेको छ । यसले पनि हिंसाको बाटोमा जान मद्दत पुगिराखेको छ । व्यक्ती हत्या र भौतिक संरचना ध्वस्त पारेर कुनै पनि क्रान्ती सफल नभएका थुप्रै उदाहरणहरू छन । लडाइबाट सत्ता हातमा लिएर रातारात कायपलट गरेका उदारहण पाउन मुस्कील छ । दश वर्षे जनयुद्धबाट थिलोथिलो भएको मुलुक तङरीन नसकेको बेलामा फेरी त्यही प्रकृतिको जनयुद्ध जनताले चाहेका छैनन । यहि व्यवस्थामा अग्रगामी सोच र चिन्तन भएको नेतृत्व खोज्नु जनहितमा होला । हिंसाले न सरकारलाई फाइदा न असन्तुष्ट पक्षलाई फाइदा न जनतालाई फाइदा न मुलुकलाई फाइदा कसैलाई पनि फाइदा छैन । यहि अवस्थाबाट हिंसा भडकीदै जाने हो भने लडाइको अवस्था आउन धेरै दिन छैन ।

विप्लव समुहका नेता तथा कार्यकर्ता भूमिगत भइसकेका छन । त्यसकारण सरकार तत्काल उनीहरूलाई वार्तामा ल्याएर उनीहरूका माग सम्बोधन गर्ने वातावरण बनाउन जुरुरी छ । के कती कारणले यो व्यवस्थामा उनीहरू अटन सकेनन ? समुहको चित्त दुखाइ के मा छ ? आदि विषयमा खोजी गर्न सरकारले पहल गर्नुपर्दछ । सरकार बाहिर हुने प्रतिपक्ष दल पनि निधाएर बस्नु भन्दा देशमा सुरु भएको हिंसाप्रति गम्भीर भएर सरकारलाई खबरदारी गर्न आवश्यक छ । हिंसा भडकीदै जाने सरकार धरपकटमा उत्रिने हो भने मुठभेटको अवस्था आउछ । त्यसैले सरकारले विप्लव समुहमाथी लगाइएको प्रतिवन्ध पुर्नविचार गरी वार्ताको वातारण बनाउन ढिला नगरोस् ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१६



सुदर्शन प्रधान

सोभीयत संघको पञ्चवर्षीय योजनाको प्रतिफल पनि हो यो । जुन मानव इतिहासमै विलकुल नयाँ परि घट्ना थियो । यहि बेला अमेरिका, क्यानडा, जर्मन, व्रिटेन, फान्स, ईटली जस्ता पुजीवादी मुलुकहरूमा चाहिँ आर्थिक मन्दी छाउन सुरु गरेको थियो । यसको पछाडी जनसंख्याको वृद्धि, प्राकृतिक श्रोतहरूको अभाव एसिया, अफ्रिका, लेटिन अमेरिकी उपनिवेश मुलुकहरूमा जनताको मुक्ति आन्दोलन र तिनलाई दबाउन ठूलो आर्थिक, भौतिक र मानविय शक्ति र स्रोतहरूको लगाानी नै हुन् ।

तत्कालिन स्टालिन नेतृत्वको सोभीयत संघको संवृद्धिको अर्को महत्वपूर्ण रहस्य के थियो भने मानवीय शक्ति र श्रोतको व्यापक,विस्तृत र व्यवस्थित परिचालन थियो । १८-५५ वर्षका सक्रिय श्रमशक्ति दिनको ८ घण्टा श्रम गर्थे । देशको र जनताको चिन्ता लिने युवाहरू १४-१६ घण्टा सम्म पनि आफ्नो काममा लागीरहन्थे र उनिहरू बिदाको दिन पनि श्रम गरिरहन्थे । जुवा, तास, अनर्थका गफ र छलफल, अनियन्त्रीत मदिरा पूर्ण प्रतिबन्ध थियो । सम्पूर्ण श्रमशक्ति खेतवारीहरूमा, कलकारखाना, उद्योग, खानी, कृषी पशुपालन, माछाफर्महरूमा अहोरात्र खटिरहन्थे । यसमा पार्टी सदस्यहरू र महिलावर्ग ज्यादै सचेत र सक्रिय हुन्थे । ति हरेकमा आफ्नो ईमान्दारिता, कर्तव्य परायणतामा सोभियत संघको भविष्य अन्तरनिहीत छन् भन्ने समझदारी थियो । वास्तवमा चीनको विकासको मूल रहस्य पनि स्टानिकालीन सोभीयत संघको पथमार्गलाई पछ्याएर नै भएको हो ।

त्यतिमात्र हैन स्टालिनकालीन सोभियत रुसले शिक्षण, वैज्ञानिक प्रविधि, साहित्यकला, दर्शनको विकास र ति सवै कुराहरू विश्व भरिका परिश्रमीवर्ग र मानवजातीको उत्थानमा केन्द्रित हुनपर्छ र हरेक ठाउँमा समाजको आधाआवादी महिला वर्गको विशेष भूमीका हुनपर्छ भन्ने अवधारणा राख्थे । उनकै दुरदर्शीता र सहयोगले पूर्वी युरोप, मंगोलिया र चीन मुक्त भएको हो । कालान्तरमा सोभीयत संघमा स्टालिनको निधन पश्चात नयाजारहरूले उलटपुलट पारे, हरिविजोग पनि बने । आज स्टालिन ईतिहास बनेको छ संसार भरिको मानव जातीको उज्जवल भविष्यको लागी । “स्टालिनले धेरै मान्छेहरू मारे” भनेर बदनाम गर्नेहरू पनि छन् । त्यो प्रचार गर्ने मुख्य त अमेरिकी र युरोपियनहरू हुन् अझ यहुदीहरू । दोस्रो महायुद्धमा हिटलरी जर्मनले ६० लाख यहुदीहरूका हत्या गरे र ठूलो विनाश मच्चाए युरोप भरि । जुन फासीस्ट शक्तिलाई सतचुर्ण पार्ने काम स्टालिन कमाण्डको रुसी लालसेनाहरूले गरेका थिए । बरु स्टालिनको मार्गदर्शक लेनिन र उत्तराधिकारी किरोभको हत्या गर्ने हत्याराहरू, कृषीफर्म, पशुपंक्षी फर्म जलाउने अपराधीहरू, सोभीयत संघ विरुद्ध विद्रोह गरि सम्पूर्ण नेता कार्यकर्ताहरू विनाश गर्ने लक्ष्य बोकेका आतंकवादीहरू चाहिँ सफाया भएको हो । यदी त्यसो गर्न नसकेको भए स्टालिन साँच्चीनै स्टालिन बन्न सक्थेन । के स्टालिन शान्ती ? शान्ती ? भनेर मानव कसाईहरू सामु घांटी तन्काएर बस्न पर्थ्यो ? दोस्रो महायुद्ध पछि लाखौं करोडौं निर्दोश र निरपराध जनताको हत्या गर्ने हत्याराहरू नै सबभन्दा बेसी चिल्लाउँछन्, “स्टालिनले धेरैको ज्यान लियो” भनेर । अनी तिनका दुई पैसे लेखक, पत्रकार, विद्वान भन्नेहरू पनि । जसको दुस्प्रभाव हिजोको सोभीयत संघ, रुस र संसारभरिको नयाँ पुस्तालाई परेको छ । अव विश्वव्यापी जनमानसले यथार्थ र सत्य कुराहरू बुझ्नुपर्छ र आँखा खोलेर अगाडी लम्कनुपर्छ । वास्तविकता के हो भनेर ।

नेपाली समाजमात्र हैन कि सिङ्गो संसारको मानव समाजको आर्थीक, भौतिक र सम्वृद्धि अनी यो जीवित ग्रहको सुरक्षाको लागी एकमात्र मार्ग ९० वर्ष अघी जोसेफ स्टालिनको नेतृत्वमा सोभियत संघले हासील गरेको उपलब्धीको मार्गलाई पछ्याउनु पर्छ । अर्को मार्ग नै छैन । जहाँ सम्म युरोप र अमेरिकाको आर्थीक, भौतिक सम्पन्नता देखिन्छन् ति त मानव समाज र सभ्यतालाई ध्वंस गर्ने वमगोला, बन्दुकहरू विक्री गरी आर्जन गर्ने धन र प्रकृतिलाई विनाश गरि प्राप्त कुराहरू हुन् । वर्तमान विश्वभरिको युद्ध र गृहयुद्धहरू, रगतको नदी र आसुँका तालहरू र पृथ्वीको तिव्र असन्तुलन र त्यसले व्युत्पत्ती गरेका भयानक संकेतहरूका मूल कारकहरू विश्वव्यापी पश्चीमाहरूका अप्राकृतिक आर्थीक, सामाजिक, साँस्कृतिक र राजनैतिक र दर्शनहरू हुन् । वर्तमान चीन र रुसका शासक वर्गहरू पनि अन्तत उहीपूंजीवादी मार्ग पछ्याईरहेछन् । जुन दर्शनले अन्तत १ प्रतिशत छट्टु धुर्त, सुदखोर मान्छेहरू सम्पन्न भईरहने र ९९% परिश्रमी, सोझासिधा जनता कङ्गाली र हरिविजोग पथमा गईरहने बनाउँछ । साथै तिनको पथदर्शनले पृथ्वीको जैविक विविधताको अस्तीत्व पनि लोप पार्छ र यो मानव समाज र सभ्यता पनि ।

स्मरणरहोस् जोसेफ स्टालिनकालमा प्रकृती र पर्यावरणको असन्तुलनले पृथ्वीमा जैविक विविधताको अस्तीत्व र मानव समाज र सभ्यताको अस्तीत्व नै खतरामा भएको कुरा वैज्ञानिकहरूले पत्ता लगाएका थिएनन् । स्टालिनको निधन भएको १० वर्ष पछि अमेरिकी महिला वैज्ञानिक राचेल कार्सनले सन् १९६२ मा शान्त वसन्त (silent spring) पुस्तक निकाले पछि यो सुरुभयो र आजसम्म थुप्रै कुराहरू पत्ता लाग्यो ।

*(क्रमशः)*

# मैले देखेको १४८ औं विश्व सम्पदा

# बैंककको डेमनोऐन सादुआक तैरन बजार (Floating Market)

सुरेन्द्र ढकाल



दुवैतर्फ काठेघर भएको साँघुरो नहर



डुंगामा बिक्रीमा राखिएका फूल र फलफूलहरू



माथिबाट हेर्दा तैरन बजारको दृश्य



जंगल बीचबाट गुज्रँदै डुंगामा तैरन बजार जाँदै पर्यटकहरू



तैरन बजारमा बोटिङ गर्दै सुरेन्द्र सन् २००५ जुलाई



तैरन बजारका गिफ्ट पसल




तैरन बजारमा खान पाइने तयारी खानेकुरा

सन २००३ नोभेम्बरको भारत भ्रमण कालमा भएको दिल्ली र वनारसको विश्व सम्पदा तथा पर्यटकीय स्थलहरूको अवलोकन गरेपछि नयाँ देश घुम्ने मौका पुनः २००५ को जुलाइमा पऱ्यो । २००५ को जुलाई महिनाबाट म रोटरी क्लब डिल्लीबजारको अध्यक्ष भएको थिएँ । त्यही महिनाको अन्ततिर रोटरी क्लव काठमाडौं मेट्रोले एअर इन्टरनेसनल नेपालसँगको सहकार्यमा आफ्नो क्लवको कोष निर्माण (Fund Raising) गर्ने भनेर रु २५००० मा ४ दिने थाइलैण्ड भ्रमणको प्याकेज प्रोग्राम बनाएको रहेछ । उक्त ४ दिनमा बैकंक र पताया सामुद्री तट डुलाउने कार्यक्रम पनि रहेछ । धेरै पटक विदेश भ्रमण गर्दा बैंकक एअरपोर्ट ट्रान्जिटमा पर्ने भएको कारण मैले बैंकक भ्रमण गर्न पाएको थिएन । त्यसैले उक्त प्याकेज प्रोग्राममा म सम्मिलित हुने निर्णय गरी रु २५००० भुक्तानी गरिदिए । सो अनुरुप रोटरीक्लव सदस्य, सदस्यका श्रीमती तथा छोरा गरी हामी १५ जना २००५ को जुलाइ महिनाको २७ तारिखका दिन एअर इन्टरनेसनल नेपालको विमानद्वारा तीन बजेतिर काठमाडौंबाट बैंकक पुग्यौं । बैकक एअरपोर्टबाट हामीलाई सोझै हामी बस्ने होटलमा लगियो । त्यस दिन होटल वरिपरिको शहरी इलाका घुमेर बिताइयो । भोलिपल्ट २८ जुलाईको दिन एक बिहानै ब्रेकफास्ट गराए पछि हामीलाई बैंकक शहरबाट एक घण्टाको दुरीमा रहेको डामनोएन सादुआक तैरन बजार डुलाउन लगियो ।

**डामनोएन सादुआक**

इटलीको भेनेत्सिया नहरै नहरको शहर भनेजस्तै बैंकक यो चाही पानीमाथि तैरिएको बजार रहेछ । जहाँ किनबेच, खाने खुवाउने सबै पानीमाथि डुंगाबाट हुँदोरहेछ । यो हाम्रो नेपालको ठमेल भनेजस्तै बैंककको सबैभन्दा लोकप्रिय पर्यटकीय स्थल रहेछ । दिउँसो प्रचण्ड गर्मी हुने हुनाले यहाँ एक बिहानै बजार चालु हुँदो रहेछ । हामी पनि त्यहाँ बिहान आठ बज्नुअघि नै पुगिसकेका थियौं । तैरन बजार डुल्न हरेक दुई जना वा दुई जनाभन्दा बढीले एक कलात्मक रुपबाट सिंगारिएको लामपुच्छे डुंगा लिई त्यसै डुंगाबाट पूरा बजार अनि बस्ति, जंगल डुल्ने अनि डुल्दा डुल्दै कुनै पानीमाथि तैरिएको रेष्टुरामा गएर लंच गर्नुपर्ने रहेछ । हामी सबैले त्यसै गऱ्यौं । हाम्रो पोखरामा पनि वोटिंग गरिन्छ तर प्राकृतिक रमणीयताको लागि मात्रै हुन्छ तर त्यहाँ त जीवन नै पानीमाथि चलेको रहेछ । त्यहाँ प्लाष्टिक ट्युवमा गरिने अर्किड (सुनाखरी खेती), नरिवल खेती, विभिन्न किसिमका सुगन्धित तेल, प्राकृतिक रुपमा गरिएको मौरी पालन आदि जस्ता कुराहरूको ब्यवशाय र उत्पादन अवलोकन गर्न पाइँदो रहेछ । बस्तिभित्र पसेपछि नहरहरू साँघुरिदै जाँदा कतै किनारका ससाना काठेघरभित्र पानी छिर्ला छिर्ला जस्तो हुने रहेछ । २० मिनेटको बस्तिभित्रको डुंगा सफारीको अनुभव जीवनमा कहिले पनि बिर्सन नसक्ने खालको रोमान्चक हुने रहेछ । तैरन बजारमा I was there लेखिएको टिसर्ट देखि दुखेको शरीरमा घस्ने टाइगर वामसम्म, काठका ससाना हात्तीदेखि विभिन्न किसीमका सोभेनियरले त्यहाँको बजार खचाखच हुँदो रहेछ । त्यसै गरी बिक्री गर्न सजाएर राखिएका विभिन्न किसिमका उष्ण प्रदेशीय (Tropical) फलफुलहरूले वजारलाइ ज्यादै मनमोहक र रगीन वनाएको देखिदो रहेछ । खानेकुरामा नरिवलका परिकार, नुडल्सहरू ब्याप्त हुदा रहेछन । हामी त्यहा दिनको एक वजेसम्म वसी बैंककको चिडियाखाना अवलोकन गर्न तर्फ हिँड्यौ ।

# ४०. नारायणहिटी राजदरबारबाट बोलाहट




■ शम्भुराम श्रेष्ठ

एकदिन अचानक पञ्चायतकालमा मन्त्री भइसकेका एक जना महानुभाव मेरो घरमा आउनुभयो ।

सामान्य भलाकुसारीपछि उनले मलाई एक पटक राजा (राजा वीरेन्द्र) सँग भेट्ने सुझाव दिए अर्थात् घुमाएर राजाले मसँग भेट्न चाहेका छन् भनी भने । मैले उनको भनाइको आशय बुझि हालेँ र भनें- 'मलाई राजासँग भेट गर्नुमा कुनै आपत्ति छैन र आपत्ति हुनुपर्ने कुरा पनि होइन । म आफैं पनि राजासँग भेट्न चाहन्छु । म एक व्यक्तिसँग भेटेर के फाइदा हुन्छ ? एक व्यक्तिको हैसियतले राजासँग भेटने मेरो इच्छा पनि छैन । त्यसकारण साथीहरूसँग सल्लाह गरेर म तपाईंलाई खबर गर्छु ।' उनले पनि मेरो कुरालाई समर्थन गरेझैं गरी भने, 'साथीहरूसँग सल्लाह गर्नु राम्रै हो ।'

त्यस समय मनमोहन अधिकारी विराटनगरमा हुनुहुन्थ्यो । त्यसैले मैले उनलाई त्यहाँको प्रान्तीय कमिटीको सचिवलाई साथमा लिएर चाँडै काठमाडौं आइपुग्नोस् भनेर चिठी लेखिपठाएँ । काठमाडौं उपत्यकामा भएका सबै प्रमुख कामरेडहरूसँग पनि यसबारे छलफल गरें । पूर्व पश्चिम र उपत्यकामा उपस्थित सबै कामरेडहरू जम्मा भएपछि मैले उहाँहरूलाई दरबारबाट बोलावट आएकोबारे अवगत गरिसकेपछि 'हामीले राजासँग भेट गर्न हुन्छ हुँदैन । हुन्छ भने किन हुन्छ र हुँदैन भने किन हुँदैन भन्ने प्रश्नबारे विस्तृत छलफल गरी निर्णय गर्न आग्रह गरें ।' उपस्थित कामरेडहरूले एकमतले 'राजासँग भेट गर्नु हुन्छ, भेट्न नहुने कुनै कारण छैन । नेपालमा राजनीति गर्नेले नेपालको राजसत्ता हातमा लिएर शासन गरिरहेको व्यक्तिसँग भेट गर्नु हुँदैन भनी कसैले भन्छ भने, त्यस्तो मान्छेले नेपालमा राजनीति गरी खाँदैन । त्यस्तो व्यक्तिले राजनीति बुझेको पनि ठहर्दैन । लामो छलफलपछि राजासँग भेट गर्ने र पहिलो पटक मनमोहन अधिकारीले भेट गर्ने निर्णय भयो ।

केही दिनपछि अर्थात् त्यो खबर आएको तेस्रो दिन राजदरबार जानुपर्ने भयो र समयबारे त्यही दिन मात्रै खबर गरिनेछ भन्ने खबर आयो । हामीहरूलाई खास गरेर मनमोहनजीलाई राजाले गुप्तरुपले भेट्ने भएकाले भेट्ने समय रातिकै हुनेछ भन्ने लागेको थियो । राजदरबार जाने दिन बिहान भेटघाटको समयबारे खबर आउँदा हामी सोचेको ठीक उल्टो अर्थात् दिउँसो २ बजेको खबर आयो । यो खबर सुन्ने बित्तिकै मनमोहनजी राजासँग भेट्न राजदरबार गएको खबर सबैले थाहा पाउने भयो र नराम्ररी बदनाम होइने भयो भन्ने डरले पानी बाहिरको माछा छटपटाएझैं एकदमै छटपटाउन थालें । राजदरबार जाने समय जति जति नजिकिन्थ्यो उति उति नै बढ्ता उनको मनोदशा बिग्रिन्थ्यो । ठीक जाने बेलामा त उनी अत्तालिँदै 'अब सकिने भयो' भनी राम्ररी नसुनिने गरी भुनभुनाउन थालें । उनको त्यो त्रासदीय मनोभावलाई अनुभव गरी उनलाई ढाढस दिने विचारले मैले उनलाई 'म तपाईंलाई राजदरबारको गेटसम्म पुर्याउन आउँछु र तपाईं राजासँग भेट गरेर नफर्कुन्जेल म गेटमा नै तपाईंलाई पर्खिरहन्छु । राजासँग भेट गर्न दरबारमा जाँदैमा हामीहरू सकिने नै हो भने तपाईं र म सँगसँगै सकियौंला । हामी राजासँग पैसा माग्न जान लागेका होइनौं, न त जागिर माग्न नै । हामी नेपालका राजनेता हौं र त्यही हैसियतले देशको मौजुदा राजनीतिक स्थितिबारे राजासँग कुरा गर्न, छलफल गर्न जान लागेका हौं । राजदरबार जाँदैमा हामी कदापि सकिँदैनौं र सकिने कुरा पनि होइन । भनी भनें । अनि मात्रै उनको अनुहारमा उज्यालो झल्किन थाल्यो । ट्याक्सी आएपछि हामीहरू दुवैजना ट्याक्सीबाट नारायणहिटी राजदरबार गयौं । दरबारको गेटमा राजाको प्रमुख सचिव मनमोहनजीको स्वागतार्थ अघिबाटै प्रतिक्षामा रहेछन् । ट्याक्सीबाट ओर्लने बित्तिकै उनले मनमोहनजीलाई स्वागत गरी दरबारभित्र लगे । दिउँसो २ बजेको उज्यालोमा सबैले देख्ने गरी पोने एक घन्टासम्म म गेटमै ओहोरदोहोर गर्दै मनमोहनजीलाई पर्खिबसें । मनमोहनजी आएपछि हामी दुवैजना त्यही ट्याक्सीबाट प्रोफेसर माणिलालको घरमै (अर्थात् जहाँबाट गएका थियौं, त्यहीं फर्क्यौं । दिउँसोको उज्यालोमा राजदरबार जाँदा पनि र पौने एक घन्टासम्म म गेटमा नै पर्खिबस्दा पनि कसैले चाल पाएन । त्यही दिन साँझ हामी आफैंले नै 'आज दिउँसो २ बजे मनमोहन अधिकारीले नारायणहिटी राजदरबारमा राजासँग भेट गर्नुभयो' भनेर प्रचार गरिदियौं ।

मनमोहनजीले राजासँग भेट गरेको दिन मंसिर पूर्णिमाको दिन, अर्थात् नेवार जातिको यो मह्री खाने चाडको दिन परेको थियो । हामीहरू दरबारबाट फर्केपछि प्रा.मणिकलालजीकी बहिनीले प्लेट भरी ताततातो यो मह्रीहरू टेबुलमाथि राखिदिई । हामीहरू तीनैजना (मनमोहन, मणिकलाल र म) सँगै यो मह्री खाँदै मनमोहनजीले राजासँग भेट गर्दा भएको कुराकानीको विवरण दिँदै भने- 'राजा त अरुको कुरा मात्र सुनिरहने र बोल्दै नबोल्ने स्वभावका रहेछन् । मैले मात्र बोल्ने भयो । बोल्ने क्रममा मैले भनें महाराजाबाट आवश्यक भएमा कांग्रेसका विरुद्धमा हामीलाई प्रयोग गर्न सकिबक्सन्छ । त्यसको निम्ति हामीहरू तयार छौं ।' मनमोहन अधिकारीले दिएको त्यो विवरण हामीहरूलाई बिल्कुलै ठीक लागेन । राजासँग कुरा गर्नेबारेको हामीहरूको निर्णय पनि त्यो थिएन । हामी कसैको विरुद्ध प्रयोग गरिने कसैको हातको लौरो होइनौं । राजासँगको त्यो हाम्रो पहिलो भेटघाट थियो र राजाकै पहलबाट उक्त भेटघाट भएको हुनाले राजाले कुन विस्तारवादले नेपालमाथि गरिआएको अर्धऔपनिवेशिक थिचोमिचो विरुद्ध राजा कुन हदसम्म जान तयार छन् अथवा त्यसको विरुद्ध केही गर्न पनि तयार छैनन् राम्ररी बुझ्ने कोसिस गर्नुपर्छ । यदि राजा भारतीय विस्तारवाद विरुद्ध र नेपालदको राष्ट्रिय स्वाधीनता निम्ति केही गर्न तयार भएको पाइयो भने उहाँलाई हामीहरूबाट हरसम्भव सहयोग हुनेछ भन्ने ग्यारेन्टी दिएर आउने भन्ने हामी तीनजना लगायतको सल्लाहबाट भएको हाम्रो सामूहिक निर्णय थियो र त्यही निर्णय अनुसार काम गर्न मनमोहनलाई अह्राइएको थिया तर उनले आफूलाई जे गर्न भनिएको थियो त्यसो नगरी राजालाई आफूहरू कांग्रेसको विरोधमा राजाको हातको लौरो भएर काम गर्न तयार भएको बताएर आए । यसरी राजासँग भेटघाटको दौरानमा मनमोहन अधिकारीले सामूहिक निर्णयअनुसार काम नगरेको वा गर्न नसकेको प्रस्ट हुन्छ । यसबाट अर्थात् राजासँग बोलेकोबाट उनी कतिसम्म हलुँगो मान्छे रहेछन् भन्ने कुरा पनि छर्लङ्ग हुन्छ ।

कथा

# वनभोजको रमाइलोमा झन्डै बित्याँस पर्‍यो

✍ छत्रपति फुयाल

शरद ऋतु ! असोज र कात्तिक महिनालाई शरद ऋतु भनिन्छ । वर्षाऋतु साउन-भदौको घनघोर वर्षा थामिएर शरदऋतु आरम्भ हुन्छ । सयपत्री, मखमलीलगायत विभिन्न खाले फूल फुल्ने, जमिनमा हिलो धूलो नहुने, आकाशमा बादल नहुने अर्थात् आकाश स्वच्छ निर्मल देखिने ऋतुका रूपमा शरद ऋतुलाई चिनिन्छ । यो महिना प्रकृतिसँग रमाउन खोज्नेहरूका लागि अर्ती सुन्दर र उत्तम महिना हो । यसैले प्रकृतिप्रेमीहरू यस महिनामा प्रायः वनभोज जान्छन्, वनजङ्गल, नदीनाला र चौरनागीमा रमाउँछन्, नाच्छन् ।

आदित्या धनी बाबुको छोरी होइन तैपनि उसका बाबुआमाले उसलाई नगरको राम्रै आवासीय विद्यालयमा दुःख गरेर पढाएका थिए । ऊ पढ्नमा परिश्रमी र बुझक्की विद्यार्थी थिई । आदित्या कक्षा नौमा पढ्थी । एक-दुईजना बाहेक कक्षाका सबै साथीहरू एकसेएक असल थिए । तीनमध्ये पनि आदित्यासँग असाध्य मिल्ने साथीमा अञ्जना, प्रज्ञा, योषा, उदीप्त, कोमल र प्राञ्जल थिए ।

आदित्या पढेको विद्यालयमा प्रायः वर्षको एकपल्ट कात्तिक महिनामा वनभोज जाने चलन थियो । यसपालि पनि तिहारपछिको पूर्णिमाको दिन वनभोज जाने निधो भयो । सबै विद्यार्थीले पाँच-पाँच सय रुपियाँ विद्यालयमा जम्मा गरे । आदित्याका बाआमाले ऋण गरेर भएपनि छोरीको वनभोज जाने इच्छा पूरा गरिदिए ।

एकदिन बिहानै तीन-चार समूहमा विभाजित भएर चारैतिर विद्यालयका बस हिंडे । कोही पहाडको टुप्पोतिर गए, कोही जङ्गलको बीचको नागीमा, कोही मन्दिरको छेउछाउ गए । आदित्याको बसचाहिँ नदी किनारको देवीघाटतिर हानियो । विद्यालयमाथिको डाँडो काटेपछि विद्यार्थीहरू गाउँदै रमाउँदै गए । उनीहरू आठै बजे देवीघाट पुगे । त्यहाँ पुग्नेबित्तिकै सबै मिली चिया बनाए, खाए ।

भान्सेदाइ, बसका चालक, केही शिक्षकशिक्षिका र भान्सा बनाउन रुचि हुने केही विद्यार्थी भान्साको जोहो गर्नतिर लागे, आदित्या र उनका साथीहरूको समूहले पनि दुई-तीन किसिमको अचार बनाए । आफ्नो काम सिध्याएपछि आदित्या र उनका साथी देवीघाटछेउको बजार, दोभान, झोलुङ्गे पुल र नदी किनारमा घुम्न गए । आदित्याको साथी योषासँग भर्खर बजारमा आएको सजिलो राम्रो क्यामरा थियो । उनीहरू चित्र खिच्दै बजारमा पुगे । टन्टलापुर घाम लागेकाले र गहिरो खोँच भएकाले त्यहाँ निकै गर्मी थियो । त्यत्तिकैमा अञ्जनाले पसलमा गएर चिसो पेय खाने प्रस्ताव राखी । वरिपरि कोही नभएको र राम्रो ठाउँ घुमेकाले सबै प्रफुल्लित थिए । प्रस्ताव सुन्नासाथ सबै दोकानतर्फ मोडिएर वात्तै पसलमा पसे । दोकानभित्रको दृश्य देखेर उनीहरू स्तब्ध भए । केही बोल्न सकेनन्, अघि जाने कि पछि हट्ने सोच्न सकेनन् र एकोहोरो त्यहाँभित्रको दृश्य हेरिरहे । एक-दुई मिनेट असमञ्जसमा परेपछि सबभन्दा पछाडि रहेका आदित्या र कोमलले फर्कौं भनेपछि सबै त्यहाँबाट फर्किए ।

उक्त दृश्यले उनीहरूको मन खिन्न भयो । वनभोजको रमाइलो सबै बेकार भयो । सबै अँध्यारो मुख लाएर वनभोज खान बसेको ठूलो चौरमा फर्किए । त्यहीँ एकान्तमा बसेर उनीहरूले त्यो दृश्यको केहीबेर विश्लेषण गरे । के गर्ने कसो गर्ने कसलाई के भन्ने उनीहरू निष्कर्षमा पुग्नै सकेनन् । अन्तमा नेपाली पढाउने शिक्षकसँग यो कुरा राख्ने निष्कर्ष उनीहरूले निकाले । व्यवसायले पत्रकार पनि भएकाले नेपाली गुरुमाथि विद्यार्थीहरूले विश्वास गर्थे । नेपाली गुरुले पनि विद्यार्थीका कुरा गम्भीरतापूर्वक लिनुभयो । उहाँले अघि विद्यार्थीले पसलमा भेटेका दुईजना शिक्षक, एउटा बसका चालक, खलासी, एकजना भान्सेदाइ र लेखापाललाई बोलाएर सोध्दा उनीहरू कायल भए, केही बोल्न सकेनन् । सोधपुछ गर्दा उनीहरूको शारीरिक र मानसिक अवस्था ठीक नभएको नेपाली शिक्षकले बुझ्नुभयो ।

नेपाली शिक्षकले अन्य शिक्षक साथीसँग सल्लाह गरी आफ्नो विद्यालयका प्राचार्यलाई दूर्भाष गर्नुभयो । दूर्भाषमा उहाँले गाडीका चालक, खलासी, भान्से, लेखापाल र दुईजना शिक्षकले बजारको दोकानमा गएर रक्सी खाइरहेको विद्यार्थीहरूले भेटेको र रक्सी खानेहरू निकै मातेको सन्देश सुनाउनुभयो । प्राचार्य गुरुले पनि रक्सी खाने जतिलाई देवीघाटमै छोडेर विद्यार्थीलाई हतार नगरी सुरक्षितसाथ लिएर आउने आदेश दिनुभयो ।

विद्यार्थीहरूलाई गुरुहरूले रक्सी खाएका छन्, चालकले रक्सी खाएको छ । कहीँ गाडी दुर्घटना भयो भने के गर्ने, रक्स्याको भर हुँदैन हामी कसरी सुरक्षित घर पुग्ने भन्ने चिन्ताले सताएको थियो । नेपाली शिक्षकको प्रयास, सान्त्वना र प्राचार्यको कडा आदेशले विद्यार्थीहरूको चिन्ता हट्यो । सबै खाइपिइ, नाचगान गरी, खेली, उफ्री बेलैमा विद्यालय फर्के । नेपाली शिक्षकले अर्कै बूढो चालक खोजेर गाडी चलाउन लाउनुभयो । सबै सकुशल घर आइपुगे ।

अर्को दिन विद्यालय खुलेपछि यो खबर विद्यालयभरि फैलियो, अभिभावकले थाहा पाए । अभिभावकहरू विद्यालयमा कराउन आए । विद्यालय परिवारको बैठक बस्यो । गहन छलफलपछि विद्यार्थीको भविष्य औ जीवनमाथि नै आघात पुग्न सक्ने काम गरेकाले रक्सी खाने शिक्षक र कर्मचारी सबैलाई विद्यालयबाट निकाल्ने निर्णय गरियो । प्राचार्य, अन्य शिक्षक र शिक्षिकाले शिक्षक र कर्मचारीले रक्सी खाएको देखेर सक्रियतापूर्वक कुरा उठाउने छात्रछात्रालाई स्याबासी दिए । हुन पनि आदित्या र उनका साथीहरूले शिक्षक र कर्मचारीहरूले रक्सी खाएको कुरा हल्ला नगरेको भए, रक्स्याहा खलासीले जथाभावी गर्थ्यो, रक्स्याहा चालकले कुन डिलमुनि खसाल्थ्यो, रक्सी खाएका शिक्षक र लेखापालको पनि के भर ? सबै विद्यार्थी असुरक्षित हुन्थे । बेलैमा नेपाली शिक्षकलाई नभनेको भए र प्राचार्यले कुरा नसुनिदिएको भए, बित्याँस पर्थ्यो ।

आदित्या र उनका साथीले शिक्षकशिक्षिका, साथीभाइ र आफ्ना बाआमाबाट पनि स्याबासी पाए । उनीहरूलाई आफूले राम्रो काम गरेकोमा खुसी लाग्यो । सबै सुखसँग बसे ।

**कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं**

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं ।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विश्वकै दोस्रो अग्लो बन्जी

साहसिक गतिविधिमा रुचि राख्ने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरेर पर्वतको कुस्मा र बाग्लुङको बलेवाको बीचमा पर्ने कालिगण्डकी नदीमाथिको झोलुंगे पुलमा मनोरञ्जनात्मक खेल बन्जी र स्विङ सञ्चालनमा

उत्तरतर्फ फर्किंदा देखिने मुस्कुराइरहेको गगनचुम्बी हिमाल । तलपट्टि कहालीलाग्दो खोँचमा बगिरहेको कालिगण्डकी नदी । हिमाल र नदीबाट आइरहेको सिरसिर बतासको चिसो स्पर्श । वरिपरि हरिया डाँडा, सुन्दर कुस्मा बजार र तारेभीर । पर्वतको कुस्मा र बाग्लुङको बलेवा जोड्ने विश्वकै अग्लो झोलुंगे पुलमा खुट्टा राख्नेबित्तिकै ज्यान सिरिंग गर्न थालिहाल्छ । कालिगण्डकी नदीबाट २२८ मिटर उचाइमा रहेको सोही पुलमा १५ कात्तिकदेखि साहसिक मनोरञ्जनात्मक खेल बन्जी र स्विङ सञ्चालनमा आएको छ, जहाँबाट जम्प हानेर आनन्द लिन स्वदेशी तथा विदेशी एडभेन्चर पारखीहरू प्रतीक्षामा थिए ।

द क्लिफ प्रालिका अध्यक्ष राजु कार्कीका अनुसार कालिगण्डकीको गहिरो खोँचमा सञ्चालनमा ल्याइएको स्विङ विश्वकै अग्लो र बन्जी विश्वकै दोस्रो अग्लो हो । विश्वकै सबैभन्दा अग्लो बन्जी मकाउमा छ, जुन मानवनिर्मित भवन मकाउ टावरबाट गराइन्छ । बहुप्रतीक्षित बन्जीजम्प सुरु भएको पहिलो दिन नै स्वदेशी एडभेन्चर पारखीको उत्साहजनक सहभागिता रह्यो । प्राकृतिक छटाले भरिपूर्ण कुस्मामा पुलबाट जम्प गर्दा मात्र होइन कि डोरीमा झुन्डिँदा पनि हिमाल देखिन्छ । तलपट्टि सुसाइरहेको विशाल नदीले बन्जी र स्विङ गर्दा बेग्लै आनन्द दिनेछ । कम्पनीले साहसिक खेलमा रमाउन आउने पर्यटक बस्नका



लागि लक्जरी रिसोर्ट सञ्चालनमा ल्याएको छ ।

साहसिक गतिविधिमा रुचि राख्ने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरेर बन्जी सुरु गरेको सञ्चालक कार्कीले बताए । यहाँ बन्जी, स्विङ, स्काई साइक्लिङ र गुलेली पिङ सञ्चालनमा आएको छ । गुलेली पिङ पहिल्यै सञ्चालनमा आएर लोकप्रिय पनि भइसकेको छ । स्काई साइक्लिङ सञ्चालनमा आउन अझै केही समय लाग्ने कम्पनीले जनाएको छ । यसलाई साहसिक मनोरञ्जनात्मक खेलहरूको सुन्दर प्याकेज भन्दा फरक नपर्ला । नेपालमा यसअघि नै सिन्धुपाल्चोकको भोटेकोसी र पोखरामा बन्जी सञ्चालनमा आइसकेका छन् । भोटेकोसी बन्जी १६५ मिटर र पोखराको बन्जी ७० मिटर उचाइका हुन् । भोटेकोसीको बन्जीभन्दा कालिगण्डकी बन्जी करिब ६५ मिटर अग्लो छ ।

कार्कीका अनुसार कालिगण्डकी खोँचमाथि पर्वत र बाग्लुङलाई जोड्ने गरी पुलको निर्माण ०७३ देखि सुरु भएको हो । बन्जी र स्विङ गर्न चाहिने आधारभूत मापदण्ड पूरा गरेर पुल निर्माण गरिएको छ । कालिगण्डकीमाथि ५२५ मिटर लामो झोलुंगे पुल निर्माण गरिएको छ । नदीको ठीकमाथि बीचको भागमा बन्जी र स्विङको जम्प गर्न मिल्ने गरी ठाउँ बनाइएको छ । विश्वकै अग्लो बन्जी मकाउको ७६४ फिट उचाइको छ भने दोस्रो अग्लो स्विट्जरल्यान्डको भरजस्का बाँधमाथि बनाइएको बन्जी ७२० फिट उचाइमा थियो । द क्लिफ प्रालिले ७४८ फिट उचाइको बन्जी बनाएसँगै स्विट्रल्यान्डलाई पछि पार्दै विश्वकै दोस्रो अग्लो बन्जीका रूपमा आफूलाई दर्ज गरेको कार्कीले जानकारी गराए । उनका अनुसार यहाँको स्विङ विश्वकै अग्लो हो । कम्पनीले बन्जी र स्विङ दुवैको शुल्क सात हजार रुपैयाँ तोकेको छ । पोखरादेखि कुस्माको दुईतर्फी गाडीको सुविधासहित बन्जी र स्विङको प्याकेज लिँदा आठ हजार ४५० रुपैयाँ पर्नेछ । टेन्डम (जोडी) स्विङ गरेमा १२ हजार तिर्नुपर्ने बताइएको छ । सुन्दर प्राकृतिक दृश्यावलोकन गर्दै बन्जी, स्विङ, स्काई साइक्लिङ गर्न पाइने हुँदा विदेशी पर्यटक पनि लोभिने कम्पनीको विश्वास छ । 'मुस्कुराइरहेका हिमाल, हरिया डाँडाकाँडा, सुसाइरहेको नदीलगायत यति सुन्दर दृश्यावलोकन गर्दै जम्प गर्न पाइने सम्भवतः विश्वकै पहिलो बन्जी होला,' अध्यक्ष कार्की भन्छन् ।

यो पिङ पहिल्यै चर्चामा आइसकेको छ । यो पिङमा चर्चित राजनीतिज्ञ, उद्यमी, कलाकारलगायत पुगिसकेका छन् । फेसबुक, टिकटक, इन्टाग्राम, ट्विटरलगायत सामाजिक सञ्जालमा पनि यो पिङको चर्चा छ । बन्जीका लागि निर्माण गरिएको पुलको उचाइ २२८ मिटरको छ । यो पिङ पुलभन्दा पनि अझमाथि २४८ मिटर उचाइमा छ । जमिनबाट १२ मिटर अग्लो पिङ मुलुककै नमुना पिङ भएको बताइन्छ । कम्पनीका अनुसार पिङ गुलेली शैलीमा निर्माण गरिएको छ । अरू पिङमा अरूले हल्लाइदिने वा आफैं मच्चाएर खेल्नुपर्ने हुन्छ, तर यसमा खेल्ने मान्छे पिङमा बसेपछि मेसिनले तानेर छाडिदिन्छ । पिङ मच्चिएर खोँचमाथि पुग्दा 'थ्रिल' महसुस हुन्छ । रकक्लाइम्बिङ, क्यानोनिङलगायत साहसिक खेलमा प्रयोग गरिने अन्तर्राष्ट्रिय गुणस्तरको डोरीबाट दक्ष प्राविधिकले डिजाइन गरी पिङ निर्माण गरिएको सञ्चालक कार्कीको दाबी छ । यो पिङ खेल्नका लागि प्रतिव्यक्ति २५० रुपैयाँ लाग्ने बताइएको छ ।

स्काई साइक्लिङ केही महिनाभित्रै सञ्चालनमा ल्याउने तयारी भइरहेको छ । यो स्काई साइक्लिङ पनि कालिगण्डकी खोँचको २२८ मिटर उचाइमा हुने छ । विश्वकै अग्लो उचाइमा रहेको साइक्लिङको लम्बाइ तीन सय मिटर छ । कार्कीले भने, 'दुईतर्फी तीन सय मिटर लम्बाइ रहेको रुटमा एकपटकमा दुईजनाले साइक्लिङ गर्न सक्छन् ।'

आँखैअगाडि सेता हिमाल र हरिया डाँडाकाँडा हेर्दै गहिरो खोँचमाथि साइक्लिङ गर्नुको मज्जा बेग्लै हुनेछ । स्काई साइक्लिङ पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाइएको कम्पनीको दाबी छ । साइक्लिङ गर्न आवश्यक साइकल र सुरक्षा उपकरण कम्पनीले आफैं दिनेछ । स्काई साइक्लिङमा साइकल र यात्री दुवैलाई सुरक्षा डोरीले अड्काइएको हुन्छ । लिकमा रेल गुडेझैं फिक्स ह्यान्डल भएको साइकललाई रोपमा कुदाइने उनले जानकारी दिए । स्काई साइक्लिङ पनि नेपालको साहसिक पर्यटनको बिल्कुल नयाँ प्रडक्ट भएको कम्पनीको भनाइ छ ।

कम्पनीले बाग्लुङको बलेवामा 'द क्लिफ रिसोर्ट' सञ्चालनमा ल्याएको छ । २१ वटा सफारी टेन्ट भएको रिसोर्टमा ७० जना अट्ने गरी व्यवस्था मिलाइएको छ । रिसोर्ट २५ रोपनी क्षेत्रफलमा फैलिएको छ । सफारी टेन्ट प्रयोग गरिएको रिसोर्टमा स्ट्यान्डर्ड र डिलक्स रुमहरू रहेका छन् ।

यो परियोजना निर्माणमा २८ करोडभन्दा बढी लगानी पुगिसकेको कम्पनीका अध्यक्ष राजु कार्कीले बताए । उनले भने, 'सम्पूर्ण परियोजना सम्पन्न गर्न २० करोड लगानी हुने अनुमान गरिए पनि लकडाउनलगायत विविध कारणले निर्माण तथा सञ्चालनमा ढिलाइ हुँदा लागत आठ करोड बढ्न गयो ।' परियोजनामा कार्कीसँगै युवराज जोशी, नेत्रप्रसाद पराजुली, फ्लोरेन्स कार्की, राजन जोशी, नवराजन शर्मालगायतको लगानी छ ।

# पहिचान खोज्दै आसामका नेपालीभाषी



विष्णु भट्टराई

पूर्वोत्तर भारतको आसाम राज्यका नेपालीभाषीहरूले साढे तीनदशक अघिको एउटा सम्झौता कार्यान्वयनका क्रममा आफूहरूलाई उक्त राज्यको रैथाने जातिमा समावेश नगरिन सक्ने खतरा बढेको भन्दै चिन्ता व्यक्त गरेका छन्। 'आसाम सम्झौता'का रूपमा चिनिने सन् १९८५ को उक्त सम्झौताको धारा-६ कार्यान्वयन गर्न गठित उच्चस्तरीय समितिको प्रतिवेदनमा नेपालीभाषीबारे केही पनि उल्लेख नगरिएकाले त्यस्तो खतरा बढेको उनीहरूको भनाइ छ।

नेपालीभाषीसँग सम्बन्धित विभिन्न संघसंस्थाले उनीहरूको उक्त चिन्ता आसामको राज्य सरकारसमक्ष पनि लिखित रूपमै व्यक्त गरिसकेको बताएका छन्। तर, राज्य सरकारका पदाधिकारीहरूले उक्त प्रतिवेदनमा नेपालीभाषीबारे धेरै कुरा उल्लेख नगरिएको भए पनि उनीहरूलाई आसामको रैथाने जातिकै मान्यता दिइने आश्वासन दिएको त्यस्ता भेटमा सहभागीहरूले बताए।

यद्यपि त्यसबाट पनि सन्तुष्ट हुन नसकेर भारतीय गोर्खासम्बद्ध एक संस्थाले उक्त चिन्ताबारे हालै श्वेतपत्र नै जारी गरेको छ। भारतीय गोर्खा परिसंघद्वारा जारी उक्त श्वेतपत्रमा नेपालीभाषी गोर्खालाई रैथाने जातिको मान्यता दिनुपर्ने माग दोहोऱ्याइएको छ। आसामस्थित नेपालीभाषी गोर्खासम्बद्ध संघ संस्थाका नेताहरूका भनाइमा लामो समयदेखि उनीहरूले आफूहरूलाई रैथाने जातिको मान्यता दिनुपर्ने माग उठाउँदै आउनुका प्रमुख तीन कारणहरू यस्ता छन्।

१.पूर्ण नागरिक भएको महसुस गर्न

आसामस्थित नेपालीभाषीका हकहितमा क्रियाशील संघसंस्थाका प्रतिनिधिहरू आफूहरू पूर्ण भारतीय तथा आसामी नागरिक भएको महसुस गर्नका लागि रैथाने जातिको पहिचानका लागि संघर्ष गरिरहेको बताउँछन्। उनीहरूको भनाइमा कतिपय आसामीहरूले नेपालीभाषीलाई अहिले पनि बाहिरबाट आएका नागरिकका रूपमा हेर्ने गरेका छन्। तर आसाममा दुई सय वर्ष अघिदेखिको नेपालीभाषीहरूको इतिहास रहेको उनीहरूको दाबी छ।

आसाम गोर्खा सम्मेलनका महासचिव लक्ष्मी सेढाईले सञ्चार कर्मी सँग टेलिफोनमा भने, 'यहाँका अन्य रैथाने जातिको मान्यता पाएकाका पुर्खाहरू पनि केही सय वर्षअघि यहाँ आएका हुन्। हाम्रा पुर्खा पनि दुई सयदेखि सय वर्षअघिसम्म आएको इतिहास छ। त्यसैले हामीले सम्मानजनक रूपमा दोस्रो दर्जाको होइन पहिलो दर्जाकै नागरिक बन्नका लागि यो आवाज उठाइरहेका छौं।'

भारतीय गोर्खा परिसंघले गत सेप्टेम्बर २८ मा आसाम राज्य सरकारका मुख्यसचिवलाई बुझाएको ज्ञापनपत्रमा पनि आसाममा गोर्खाको इतिहास दुई वर्ष पुरानो रहेको उल्लेख छ। उक्त पत्रमा सन् १८२६ मा आसाममा म्यान्मारबाट आक्रमण हुँदा त्यसलाई बचाउन गोर्खाहरू लडेको स्मरण गराइएको छ। लामो इतिहास भएको र अन्य आसामीजस्तै नेपालीभाषी पनि अन्यत्रबाट आएर बसोवास गरेको हुनाले आफूहरूलाई समान नागरिकको व्यवहार होस् भनेर रैथाने जातिको माग गरिएको उनीहरूको तर्क छ।

२.राजनीतिक, प्रशासनिक, सांस्कृतिक र सामाजिक अधिकार पाउन

आसामको रैथाने जातिको पहिचान प्राप्त भएमा त्यहाँका नेपालीभाषीले अहिलेकोभन्दा बढी राजनीतिक, प्रशासनिक, सांस्कृतिक र सामाजिक अधिकार प्राप्त गर्ने त्यसका अभियन्ताहरूको मत छ। उनीहरू भन्छन्, नेपालीलाई रैथाने जातिको मान्यता दिइएपछि राजनीतिक आरक्षणको अवसर प्राप्त हुनेछ। त्यस्तै प्रशासनिक सेवामा पनि आरक्षण पाइने त्यहाँस्थित नेपालीभाषीहरू बताउँछन्। आसामका नेपालीभाषीले गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर आफ्ना समस्या सुनाएका थिए।

भारतीय गोर्खा परिसंघका केन्द्रीय उपाध्यक्ष तथा आसाम राज्य समितिका भूतपूर्व अध्यक्ष नित्यानन्द उपाध्यायले भने, 'हामी रैथाने जातिमा सूचीकृत भयौ भने अन्य जनजातिले पाए जस्तै हामीले पनि आरक्षण पाउँछौं।' उनी अहिले पनि नेपालीभाषीहरूले अन्य पाउनुपर्ने सुविधा पाइरहेको तर आरक्षणसहितको सुविधाका लागि पनि नेपालीले रैथाने जातिको माग राखिरहेको बताउँछन्। त्यस्तै भाषा र सांस्कृतिक संरक्षणका लागि पनि रैथाने जातिका रूपमा पहिचान पाउनु महत्वपूर्ण भएको आसामका नेपालीभाषीहरूको भनाइ छ।

३.नागरिकताबाट वञ्चित नहुन

नेपालीभाषीले आसामको रैथाने जातिका रूपमा कानुनी पहिचान स्थापित गर्न चाहनुको अर्को कारण कोही पनि नेपालीभाषी नागरिकताबाट वञ्चित नहोऊन् भन्ने पनि रहेको त्यहाँका नेपालीभाषीसम्बद्ध नेताहरूको भनाइ छ। गत वर्ष प्रकाशित एनआरसी भनिने नागरिकतासम्बन्धी राष्ट्रिय पञ्जीकरणमा कैयौं नेपालीभाषीहरूको नामावली समावेश भएको थिएन। त्यसले गर्दा कतिपय नेपालीभाषीमा अनागरिक बनिने चिन्ता बढेको थियो।

उक्त मुद्दालाई लिएर भारतीय गोर्खाहरूले भारतको राजधानी दिल्लीमा पुगेर पनि प्रदर्शन गरेका थिए भने प्रधानमन्त्री मोदीलाई समेत भेटेर असहमति जनाएका थिए। भारत सरकारका तर्फबाट नेपालीभाषीहरू कोही पनि अनागरिक नबन्ने आश्वासन पाए पनि यदि नेपालीभाषीले रैथाने जातिकै मान्यता पाए बारम्बार अनागरिक हुने चिन्ताबाट सधैंका लागि मुक्ति पाइने धेरैको बुझाइ रहेको छ।

प्रतिवेदनमा आसामका गोर्खाबारे केही पनि उल्लेख नभएको पाइएको भन्दै त्यहाँका नेपालीभाषीहरूले असन्तुष्टि व्यक्त गर्दै आएका छन्। प्रतिवेदनमा आसामका गोर्खाबारे केही पनि उल्लेख नभएको पाइएको भन्दै त्यहाँका नेपालीभाषीहरूले असन्तुष्टि व्यक्त गर्दै आएका छन्। सेढाई भन्छन्, 'रैथाने जातिको मान्यताले अनागरिक हुने चिन्ता पनि दूर हुन्छ भन्ने हामी नेपालीभाषीको मान्यता छ।'



पछिल्लो विवादको तार आसाममा ६ वर्ष चलेको एउटा आन्दोलन अन्त्य गर्नेगरी सन् १९८५ मा भएको एउटा सम्झौताको एउटा धारा कार्यान्वयनसँग जोडिएको छ। पूर्वी पाकिस्तान छुट्टिएर बागलादेश बन्ने क्रममा बंगलादेशबाट ठूलो संख्यामा आसामतर्फ आएका शरणार्थीहरूलाई लिएर आसामका रैथानेहरूले आन्दोलन गरेका थिए।

उनीहरूले आसामीको पहिचान मेटिने र आफूहरू नै अधिकारबाट वञ्चित हुने भन्दै गरेको आन्दोलन 'आसाम एकर्ड' भनिने एउटा सम्झौतापछि टुंगिएको थियो। उक्त सम्झौताको धारा ६ मा आसामीहरूको सांस्कृतिक, सामाजिक र भाषिक पहिचानको रक्षा, संरक्षण र प्रवर्धन गर्नका लागि संवैधानिक, संसदीय र प्रशासनिक रक्षाको व्यवस्था गरिने भनिएको थियो।

सोही धारालाई कार्यान्वयन गर्नका निम्ति भन्दै भारत सरकारले गत वर्ष आसाम उच्च अदालतका एक पूर्वन्यायाधीशको अध्यक्षतामा एउटा उच्चस्तरीय समिति गठन गरेको थियो। उक्त समितिले गत फेब्रुअरीमा प्रतिवेदन तयार पारेर बुझाएको थियो। तर उक्त प्रतिवेदनमा आसामका गोर्खाबारे केही पनि उल्लेख नभएको पाइएको भन्दै त्यहाँका नेपालीभाषीहरूले असन्तुष्टि व्यक्त गर्दै आएका छन्।

'उक्त प्रतिवेदनमा गोर्खाबारे उल्लेख नै नगरिनु भनेको हाम्रो पहिचान र अस्तित्वलाई नै अस्वीकार गरेको जस्तो देखियो। त्यो पनि लामो समयसम्म उक्त प्रतिवेदन सार्वजनिक नै गरिएको थिएन,' कानुन व्यवसायी समेत रहेका उपाध्यायले भने। उक्त प्रतिवेदनलाई गत अगस्तमा अल आसाम स्टुडेन्टस् युनियनले सार्वजनिक गरेपछि नेपालीभाषीले पनि त्यसबारे चासो राख्न थालेका थिए।

उक्त प्रतिवेदनमा सन् १९५१ जनवरी १ तारिखअघि आसाममा बसोवास गरेका र उनीहरूका सन्तानलाई मात्र आसामी मानिने उल्लेख छ। ग्रामीण क्षेत्रमा बसोवास गर्ने र अशिक्षित कतिपय नेपालीभाषीसँग त्यो मितिअघि बसोवास गरेको प्रमाण नभएकाले यदि उक्त प्रतिवेदन कार्यान्वयनमा आए उनीहरूले समस्या भोग्न सक्ने बताइन्छ।

सन् २०११ मा गरिएको जनगणनाअनुसार आसाममा नेपालीभाषी गोर्खाहरूको जनसंख्या छ लाखको हाराहारी देखिएको छ। तर उक्त जनगणनामा आफ्नो मातृभाषा लेखाउँदा कतिपयले नेपाली नलेखाएकाले यो संख्या धेरै रहेको नेपालीभाषीका नेताहरूले बताएका छन्। उनीहरूको दाबीमा अहिले आसाममा १० देखि १२ लाखसम्म नेपालीभाषी रहेका छन्।

गत वर्ष प्रकाशित एनआरसीको अन्तिम नामावलीमा आसाममा करिब एक लाख नेपालीभाषीहरू छुटेको अनुमान गरिएको थियो। *(बिबिसी)*

# मानव जीवन सहज बन्ने अपेक्षा

बेलायतले आफ्ना नागरिकलाई कोरोना भाइरस (कोभिड १९) महामारीविरुद्धको भ्याक्सिन (खोप) लगाउन सुरु गरेको छ। बेलायतले यसलाई 'मास भ्याक्सिनेसन'को सुरुवात भनेको छ।

बेलायतले यसका लागि सबै तयारी पूरा भएको जनाएको छ। अमेरिकी कम्पनी फाइजर र जर्मन कम्पनी बायोन्टेकले संयुक्त रूपमा निर्माण गरिरहेको भ्याक्सिन प्रयोगमा ल्याएको छ। पहिलो चरणमा बेलायतले ८० वर्षभन्दामाथिका व्यक्तिलाई भ्याक्सिन लगाउने तयारी गरेको छ। उनीहरूसँगै केही स्वास्थ्यकर्मी र स्याहार-सुसार गर्ने व्यक्तिहरूलाई पनि भ्याक्सिन लगाइनेछ।

बेलायतले गत साता मात्रै यो भ्याक्सिन प्रयोगका लागि अनुमति दिएको थियो। यो प्रक्रियालाई कोरोना भाइरसबाट निकै जोखिममा रहेका व्यक्तिलाई सुरक्षित राख्ने अभियान भनेको छ। पहिलो चरणमा भ्यासिन लगाउने भाग्यमानीमध्ये ८७ वर्षीय डा. हरि शुक्ला पनि रहेका छन्। कोरोना भाइरसविरुद्धको भ्याक्सिन लगाउन पाउँदा नौं नातिनातिनाका हजुरबुबा शुक्लाले खुसी व्यक्त गरेका छन्।

बेलायत कोरोना भाइरसविरुद्ध यो भ्याक्सिन प्रयोग गर्ने पहिले देश बनेको छ। सर्वसाधारणका लागि भ्याक्सिन लगाउन सुरु गरे पनि बेलायतले यसलाई स्वयंसेवी भनेको छ। इच्छुक व्यक्तिले मात्रै भ्याक्सिन लगाउन सक्नेछन्।

बेलायतले मंगलबार स्कट्ल्यान्डबाट भ्याक्सिन लगाउन सुरु गरेको छ। वेल्स र उत्तरी आयरल्यान्डमा स्वास्थ्यकर्मीहरूलाई पहिलो प्रथमितामा राखेर भ्याक्सिन लगाइनेछ। यो अभियानलाई बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले पनि महत्वपूर्ण मानेका छन्। यद्यपि, उनले आफ्ना जनतालाई आवश्यक सतर्कता अपनाउन नछाड्न पनि अनुरोध गरेका छन्।

बेलायतले पहिलो चरणमा देशभरको करिब ७० अस्पतालबाट भ्याक्सिन सेवा दिन सुरु गरेको छ। भ्याक्सिन लगाउने पहिलो चरणको अभियान सुरु गर्दा बेलायतसँग अहिले आठ लाख डोज भ्याक्सिन छ। थप चार करोड डोज अर्डर गरेको छ। दुई चरणमा लगाउनुपर्ने यो भ्यासिन सबै नागरिकका लागि पर्याप्त हुने बेलायतको अनुमान रहेको छ। बेलायतमा अहिले दुई करोड जनसंख्या रहेको जनाइएको छ।

बेलायती सरकारले अर्डर गरिएका सबै भ्याक्सिन यसै वर्षभित्र आइपुग्ने जनाएको छ। यद्यपि, कम्पनीका अनुसार कम्तीमा यो वर्ष बेलायतले भनेकोजति सबै भ्याक्सिन पाउनेछैन। फाइजर र बायोन्टेकको यो भ्याक्सिन बेल्जियममा बनिरहेको छ। बेल्जियमदेखि भ्यासिन राखिएको 'रेफ्रिजेरेटर'सहितका कन्टेनर बेलायत आइपुगेका छन्। तिनलाई सम्बन्धित अस्पतालमा पुऱ्याइएका छन्।

बेलायत सरकारले अस्पतालमा रहेका ८० वर्षभन्दा माथिका बिरामीलाई पनि आवश्यतानुसार भ्याक्सिन लगाइदिने जनाएको छ। यो भ्याक्सिन दुई चरणमा दिइनेछ। पहिलोपटक लगाइएको २१ दिनपछि दोस्रो डोज लगाइनेछ। दोस्रो डोज पनि लगाएको सात दिनपछि भ्यासिनले सम्बन्धित मान्छेको शरीरमा कोरोना भाइरसविरुद्ध लड्न सक्ने क्षमता निर्माण गर्ने जनाइएको छ।

भ्याक्सिनको साइड इफेक्ट भए पनि निकै सामान्य खालका छन्। भ्यासिनलाई ९५ प्रतिशत प्रभावकारी भनिएको छ। यद्यपि, यो भ्याक्सिनले उत्पादन गरेको रोग प्रतिरोधात्मक क्षमता सम्बन्धित व्यक्तिको शरीरमा कति समयसम्म रहन्छ भन्नेबारे भने अझै निश्चित भएको छैन।

कोरोना भाइरस (कोभिड १९) महामारीले आक्रान्त बनेको विश्व मानव जीवन यतिखेर भ्याक्सिनको व्यग्र प्रतीक्षामा छ। उनीहरूको अपेक्षा छ कि भ्याक्सिन आएपछि अवस्था सामान्य बन्ने छ। मानव जीवन फेरि पहिलेकै जस्तो सामान्य अवस्थामा फर्कनेछ।

के भ्याक्सिन आएपछि हामी सबैले अपेक्षा गरेको जस्तै मानव जीवन कोरोना भाइरस सुरु हुनुपहिलेको जस्तै सामान्य बन्ला त? धेरै वैज्ञानिकहरूले भने अवस्था पहिलेको जस्तै सामान्य बन्न समय लाग्ने जनाएका छन्। उनीहरूले भ्याक्सिन आएपछि पनि हामीलाई 'मास्क'विना हिँडडुल गर्न अझै लामै समय कुर्नुपर्नेछ। उनीहरूको चेतावनी छ कि मानव समुदायले यस्ता संक्रामक रोगविरुद्ध फेरि हेलचेक्र्याइँ गर्न हुनेछैन। भ्याक्सिनलाई आधुनिक विश्वमा चिकित्सकीय क्षेत्रको अहिलेसम्मकै सबैभन्दा ठूलोमध्येको उपलब्धि मानिन्छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार भ्याक्सिनले प्रत्येक वर्ष अन्दाजी २० देखि ३० लाख मृत्युलाई रोक्ने गरेको छ। त्यसक्रममा भ्याक्सिनले २० भन्दा बढी जीवन नै लिने घातक रोगलाई फैलनबाट रोकेको छ।

एक पुस्ताअघिसम्म सामान्य बनेको बालबालिकालाई लाग्ने रोग अहिले लोप नै भइसकेका छन्। लाखौं हजार मान्छेको ज्यान लिएको ती रोगलाई भ्याक्सिनले नै पूर्णतया निर्मूल पारेको हो।

तर, त्यो सफलता प्राप्त गर्न वर्षौंको मिहिनेत लागेको थियो। यस परिप्रेक्ष्यमा हामी निकै छोटो समयमा कोरोना भाइरसजस्तो विश्वभर फैलिएको महामारीविरुद्ध त्यस्तै प्रभावकारी भ्याक्सिनको अपेक्षा गरिरहेका छौं। अहिले पनि धेरै देशले कोरोना भाइरसविरुद्धको भ्याक्सिन निर्माणको प्रयास गरिरहेका छन्। त्यसमध्ये कतिपय ठाउँमा आपत्कालीन प्रयोगका लागि अनुमतिप्राप्त गरेका र अन्तिम चरणमा पुगेका भ्याक्सिनको प्रभावकारिता ९० देखि ९५ प्रतिशतसम्म देखिएको छ। यसको अर्थ हो, भ्याक्सिन लगाएका दशमध्ये झन्डै नौंजनामा कोभिड १९ विकास हुनेछैन। यो समाचारले धेरैलाई उत्साहित तुल्याएको छ। धेरैले सोचेका छन् कि अब हामीले चाँडै नै शारीरिक दूरीको नियम मान्नुपर्ने छैन र मास्क पनि प्रयोग गर्नुपर्ने छैन।



यद्यपि, धेरै वैज्ञानिक र स्वास्थ्यविज्ञले अपेक्षा गरेजस्तो अवस्था आउन अझै समय लाग्ने जनाएका छन्। त्यसको पछाडि केही महत्वपूर्ण कारण छन्।

पहिलो चरणमा स्वास्थ्यकर्मी र भाइरसविरुद्ध अग्रपंक्तिमा खटिनेहरूलाई प्राथमिकतामा राखिएका छन्। यसले उनीहरूलाई त बचाउनेछ। यो महत्वपूर्ण उपलब्धि नै हुनेछ। तर, भ्याक्सिन सर्वसाधारणको पहुँचमा पुग्न लामै समय लाग्नेछ। यसले गर्दा भाइरस संक्रमण रोकिनेछैन। त्यसवेलासम्म अरू व्यक्तिको ज्यान जान सक्नेछ। सीमित संख्याको उत्पादन, ढुवानीमा देखिएको जटिलतालगायत कारणले पनि यो अवस्था पुरानै अवस्थामा फर्कन समय लाग्ने देखाएको छ।

भ्याक्सिन कहिल्यै शतप्रतिशत प्रभावकारी हुँदैन। 'मिजल्स भ्याक्सिन' अहिलेसम्म पत्ता लागेकोमध्ये सबैभन्दा प्रभावकारी भ्याक्सिन हो, जसले ९५ देखि ९८ प्रतिशतसम्म मान्छेलाई बचाउन सक्छ। भर्खरै सार्वजनिक गरिएका फाइजर/बायोन्टेक र मोडना कोभिड १९ भ्याक्सिनको पनि अहिले ९० प्रतिशतभन्दा माथि प्रभावकारिता देखिएको छ।

यद्यपि, ठूलो संख्यामा यसको प्रयोग गरिँदा यसको प्रभावकारिताको स्तर घट्ला वा उत्तिकै रहला भन्ने हेर्न बाँकी नै छ। अहिलेकै अवस्थामा पनि भ्याक्सिन लगाउनेमध्ये प्रत्येक दशमा एकजना असुरक्षित हुनेछन्। अर्थात् प्रत्येक दश जनामध्ये एकजनालाई यो भ्याक्सिनले बचाउन सक्नेछैन। ठूलो संख्यामा प्रयोग नगरिँदासम्म र त्यसको नतिजा प्राप्त नहुँदासम्म यसको प्रभावकारिताको पूर्णरूपको मूल्यांकन गर्न मुस्किल छ। यसको एउटा फरक पाटो पनि छ। अहिले प्रयोगका लागि केही देशमा आपत्कालीन अनुमतिप्राप्त गरेका र धेरै चर्चामा रहेका भ्याक्सिनले सबै शरीरमा आफ्नो प्रभाव देखाएको छ। सामान्यतया कतिपय वृद्धवृद्धाको शरीरले भाइरसको प्रभावलाई सहयोग गर्न सक्दैन। अर्थात् कतिपय वृद्धवृद्धाको शरीरमा भ्याक्सिनको प्रभाव धेरै हदसम्म नदेखिन सक्छ।

त्यसका साथै क्यान्सर रोगको उपचार गराइरहेका मानिसहरूमा पनि कोरोना भाइरसविरुद्धको भ्याक्सिन लगाउन सम्भव नहुन सक्छ। यो वर्गका मानिसहरू भ्याक्सिन सर्वसाधारणको पहुँचमा पुग्दासमेत सबै मानिस सुरक्षित हुने छैनन्। त्यसका बाबजुद धेरै मानिसहरूलाई भने भ्याक्सिनले बचाउनेछ।

वैज्ञानिकहरूले के कुरामा जोड दिइरहेका छन् भने जबसम्म सबै जनसंख्यालाई पुग्ने भ्याक्सिन उत्पादन हुँदैन र उनीहरूका लागि प्रयोग गरिँदैन शारीरिक दूरीको नियम अन्त्य हुनेछैन। 'यदि तपाईंले जोखिममा रहेका व्यक्तिहरूलाई मात्रै बचाउनुभयो भने पनि ठूलो सफलता हुनेछ। यसले अस्पतालमाथि अहिले देखिएको भार पनि कम गर्नेछ। तर, यसले भाइरस संक्रमण रोक्नेछैन', एकजना बेलायती प्राध्यापक डेभिड सालिस्बेरी भन्छन्, 'भ्याक्सिन नलगाएका व्यक्तीहरूबीचमा संक्रमण फैलिरहेकै हुनेछ। यो पनि गम्भीर अवस्था हुनेछ।'

अमेरिका र बेलायतलगायत केही देशले सबैलाई भ्याक्सिन लगाउन सुरु गर्ने योजना तय गरेका छन्। बेलायतको राष्ट्रिय स्वास्थ्य सेवाका प्रमुखले आगामी अप्रिलसम्म जोखिममा रहेका सबैलाई भ्याक्सिन लगाइने जनाएका छन्। यसपछि चाँडै नै १६ वर्षभन्दामाथिका सबैलाई भ्याक्सिन लगाउने कार्यक्रम रहेको उनले जनाएका छन्।

डब्लुएचओले कम्तीमा ६५ देखि ७० प्रतिशतसम्म मान्छेको शरीरमा भाइरसविरुद्ध लड्ने शक्तिको विकास भएको हुनुपर्ने वा यो स्तरसम्मको 'हर्ड इम्युनिटी' देखिन थालेपछि मात्रै विश्वलाई कोरोना भाइरसबाट सुरक्षित रहेको घोषणा गर्न सकिने जनाएको छ।

विश्वका सबै सर्वसाधारणका लागि भ्याक्सिनु पुऱ्याउनु निकै नै चुनौतीपूर्ण कार्य हुनेछ। यसको परीक्षा बेलायतबाटै सुरु हुनेछ। बेलायतले अहिले ६८ मिलियन आफ्नो जनसंख्यालाई भ्याक्सिन लगाउने योजना तयार पारिरहेको छ।

योभन्दा पहिले कहिल्यै पनि यस्तो प्रयास भएको थिएन। त्यसअघि भ्याक्सिन र भ्याक्सिन लगाउन प्रयोग गरिने अरू सामान पनि ठूलो संख्यामा उत्पादन गर्न आवश्यक छ। कम्तीमा तत्काललाई भ्याक्सिन उपलब्ध गराउने काम पनि सहज पक्कै हुनेछैन।

भ्याक्सिनको ढुवानी निक्कै चुनौतीपूर्ण देखिएको छ। उत्पादनस्थलबाट स्वास्थ्य केन्द्रमा पुऱ्याउनु नै ठूलो चुनौती देखिएको छ। विश्वका विभिन्न ठाउँ र गाउँमा पुऱ्याउनु अझ मुस्किलको कुरा हुनेछ। केही भ्याक्सिन ढुवानी गर्दा निकै चिसो वातावरण आवश्यक हुन्छ। फाइजरले बनाएको भ्याक्सिन ढुवानीका लागि माइनस ७० डिग्रीभन्दा कम तापक्रम आवश्यक पर्नेछ। यसले अरू जटिलता थप्नेछ।

धेरै अवरोध र चुनौतीका बाबजुद अहिले उत्पादन भएका र कतिपय ठाउँमा प्रयोगका लागि आपत्कालीन मान्यता पाएका केही भ्याक्सिनले कोरोना भाइरसविरुद्धको लडाइँमा ठूलो योगदान पुऱ्याउने देखिएको छ। यी भ्याक्सिनले कम्तीमा जोखिममा रहेका जनसंख्यालाई बचाउन सहयोगी बन्ने देखिएको छ। फाइजर/बायोन्टेकले आफूले तयार पारेको भ्याक्सिनले ६५ वर्षभन्दामाथिका व्यक्तिमध्ये ९४ प्रतिशतलाई बचाउने घोषणा गरेको छ। यदि यो सत्य हो भने, कोरोना भाइरस महामारीविरुद्धको यो लडाइँमा ठूलो खुसीको खबर मान्नुपर्दछ। दुःखको कुरा, यो भ्याक्सिन सर्वसाधारणका लागि उपलब्ध हुन र सबैले प्रयोग गर्ने अवस्थासम्म पुग्नु नै वर्षौं लाग्ने देखिएको छ। त्यसवेलासम्म अवस्था सामान्यतर्फ फर्कने अपेक्षा गर्न सकिन्न। *(एजेन्सीको सहयोगमा)*

प्रेरक

## गुरुको स्थान

एक राजा खासै पढेलेखेका थिएनन्। उनलाई शिक्षा प्राप्त गर्ने निकै ठूलो रहर थियो। त्यसैले, उनले देशभर नाम चलेकामध्ये एक गुरुलाई दरबारमै आएर आफूलाई पढाउने काममा नियुक्त गरे।

तोकिएको मिति र समयदेखि गुरुले आफ्नो काम सुरु गरे। उनी हरेक दिन दरबार जान्थे र एक घन्टासम्म राजालाई पढाएर फर्किन्थे। यो क्रम निरन्तर चलिरहेकै थियो। तर, यसबाट राजालाई भने कुनै फाइदा भइरहेको थिएन। जतिसुकै कोसिस गरे पनि उनले केही पनि सिक्न सकिरहेका थिएनन्। देशभरकै चर्चित गुरु भएकाले उनले गुरुको योग्यता र क्षमतामाथि प्रश्न गर्न पनि सकेनन्। तर, आफूले केही सिक्न पनि सकेनन्। उनले पढ्न थालेको झन्डै तीन महिना बितिसकेको थियो।

एक दिन उनले दरबारमा रानीसित यस विषयमा सल्लाह पनि गरे। रानीले यसबारे गुरुसितै सोध्न राजालाई सुझाब दिइन्। अर्को दिन दरबारमा गुरु आइपुग्नासाथ राजाले प्रश्न गरे- गुरुदेव! हजुरजस्तो महान् गुरुसित पढ्दा पनि मैले तीन महिनासम्म केही पनि सिक्न सकिरहेको छैन। के म सिक्नयोग्य नै छैन हो ? आखिर मैले किन सिक्न सकिरहेको छैन ? गुरुले जवाफ दिए- यसको कारण स्पष्ट छ महाराज! तपाईं यहाँ सिक्नभन्दा पनि राजाको रवाफ देखाउन आउनुभएको हो कि जस्तो देखिनुहुन्छ। किनकि, तपाईं स्वयं उच्च सिंहासनमा बस्नुहुन्छ र मलाई तल्लो स्थानमा बसाउनुहुन्छ। तर, जबसम्म म तपाईंको गुरुका रूपमा रहन्छु, त्यतिखेरसम्म मेरो आसन तपाईंको भन्दा उच्च हुनुपर्थ्यो र तपाईंको आसन तल हुनुपर्थ्यो। यो कुरा मैले तपाईं राजा भएको हुनाले भन्न् पनि सकिरहेको थिइनँ।

राजालाई आफ्नो भूलको महसुस भयो। उनले तत्काल अध्ययनका लागि छुट्टै कोठा तयार गर्न लगाए। त्यहाँ उनले गुरुलाई उच्च आसनमा बसाए र आफू भने तल्लो स्थानमा बसेर शिक्षा ग्रहण गर्न थाले। उनको मिहिनेत र शिक्षा प्राप्तिको भोकले उनी कम समयमै विद्वान् बन्न् सफल भए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। शरीरमा कमजोरी अनुभूति हुनेछ। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। पहिलेका समस्या दोहोरिनाले पनि अलमल बढ्न सक्छ। समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

### वृष

लक्ष्यमा पुग्न निकै संघर्ष गर्नुपर्ला। गोप्य सूचना बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ। बेसुरमा गरिएको काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। समयमा गम्भीर नबन्दा व्यर्थैमा दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला। कामको चाप बढे पनि सहयोगीहरूको साथ-सहयोग पाइनेछ। नपत्याएको कामले भने राम्रो फाइदा दिनेछ।

### मिथुन

माहोल रमाइलो रहनेछ र छोटो समयमा फाइदा उठाउन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ। अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ कामतर्फ आकर्षित भइनेछ। विवादबाट टाढा रहने प्रयत्न गर्नुहोला। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ

### कर्कट

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ लिने योजना कार्यान्वयन हुनेछन्। भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ। छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ।

### सिंह

समयतालिका नमिल्दा योजना अधुरै रहनेछ। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। स्वास्थ्य(चिन्ताले सताउन सक्छ। अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। परिस्थितिवश आँटेको काम रोकिन सक्छ। नयाँ काममा हतार नगर्नुहोला। गुरुजन र सन्तानको सहयोग लाभदायी बन्नेछ।

### कन्या

आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुहोला। बेसुरमा वचन दिने बानीले पनि अप्ठ्यारो पर्न सक्छ। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला।

### तुला

प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ। छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

### वृश्चिक

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुम्न सक्छ। बोलीको गलत अर्थ लाग्नाले विवादमा परिएला। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ। अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। मेहनतले सम्मानित स्थान दिलाउनेछ। काम दोहोर्याउनुपरे पनि दिगो फाइदा उठाउन सकिनेछ। धेरै समय दिन नसकिए पनि पढाइलेखाइमा उपलब्धि हासिल हुनेछ।

### धनु

इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ। समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ। प्रतिष्ठा, मान-सम्मान आदि पाइने समय छ। साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ।

### मकर

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ। अवसरका लागि दौडधुप गर्नुपर्ला।

### कुम्भ

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ।

### मीन

पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nonentity = महत्वहीन ब्यक्ति Although he was dismissed illegally as a nonentity, he did not dare to sue (महत्वहीन ठानेर उस्लाई जागिरबाट निकालेतापनि त्यस्को विरोधमा उस्ले मुध्दा हाल्ने सहास गरेन )

Outspoken = सबैकुरा खुलेर भन्ने Too outspoken sometimes might be a cause of failure (वढी खुलेर वोल्नुपनि कहिलेकाहि असफलताको कारकतत्व वन्न सक्तछ )

Plummet = वेस्सरी घट्नु As soon as the rate of interest rose the stock price plummeted ( बैंक ब्याजदर वढने वित्तिकै शेयर वजा।मा वेस्सरी गिरावट आयो)

Quarry= खनेर वा फुटालेर निकाल्ने Many people in Dhading live from quarrying stones on the bank of river (धादिंगमा धेरै मानिसहरू नदी किनारमा भएको ढुंगा फुटालेर जीवन यापन गर्दछन )

Ruthless = निर्दयी For his ruthless behaviour, he is everywhere unpopular (निर्दयी ब्यवहारले गर्दा उस्लाई कसैलेपनि मनपराउदैन )

Sporadic= आक्कलझुक्कल Sporadic attempts were made to reform the judicial system but non of them was successful (न्यायप्रणालीमा सुधार गर्ने आक्कल झुक्कल प्रयास भएतापनि ती मध्य कुनै पनि सफल भएनन )

Turmoil = ठूलो विवाद, भ्रम वा अब्यवस्था In current political turmoil It is not wise to involve in politics (अहिलेको भ्रमपूर्ण राजनैतिक अवस्थामा राजनीतिमा सफल नहुनुनै राम्रो हुन्छ )

Untowards = दुर्भाग्यपूर्ण Her encounter with her ex-husband in the party was untowards because she did not know that he was also invited (पूर्वपतिसंग आकस्मिक भेट उन्कोलागि दुर्भाग्यपूर्ण थियो किनकि उन्लाई ऊ पनि त्यहा आमन्त्रित थियो भन्ने कुरा थाहा थिएन )

Vociferous = हल्लापूर्ण As crowd grew vociferous in its anger, the authority armed force to control them (जव भिड क्रोधित हुँदै होहल्ला मच्चाउन थाल्यो, अधिकारीहरूले त्यसलाई नियन्त्रणगर्न सैनिक तैनाथ गरे )

Wanton= कूभावनाले ग्रसित भई लागीपर्नु Taliban carriedout the wanton destruction of historic Boudha statue of Bamiyan (तालिवानहरूले कूभावनाले ग्रसित भई वामियानमा रहेका ऐतिहासिक वुध्दमूर्तिहरू नष्ट गरे )

## Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn up = वढनु Investment is turning up sharply as a result of conducive economic policy (आर्थिक नीति राम्रो भएको कारण लगानी ह्वात्तै वढेको छ )

Turn up = देखिनु We have invited 100 people but only a few turned up (हामीले १०० जनालाई निमन्त्रणा गरेको भएतापनि केही मात्र देखिए )

Turn up = भेटिनु You said that you lost your watch but I am sure it will turn up in some days तिमीले घडी हरायो भन्यौ तर त्यो केही दिनमै भेटिन्छ भन्ने कुरामा म पक्का छु।

Turn something up = उल्टाउनु Because of cold he turned the collar of his jacket up and covered the neck चिसो वढेकोले उस्ले आफ्नो ज्याकेटको कल्लर उल्टाई घाटी छोप्यो।

Turn something up = दोवार्नु This trouser is very long for me it needs to be turning up यो पाइन्ट मलाई लामो छ दोवारेर लगाउनु पर्छ।

Turn something up = खोतल्दा फेलापार्नु As the farmer digged the land they turned up human skull जमीन खन्दै जादा कृषकहरूले मरेको मान्छेको खप्पर फेलापारे।

Turn something up = बढाउनु I can not hear well the radio, could you please turn it up (मैले रेडियो वोलेको सुनिन अलिकति आवाज ठूलो पारिदिन्छौ की )

Turn about = कोल्टे फेराइ Government's turn about in tax system irritated the business circle कर नीतिमा भएको सरकारको कोल्टे फेराइले ब्यापारीहरूलाई क्रोधित वनायो।

Turn around = ह्वात्तै बढाउनु New labor law led to a turn around in the earning of the workers नया श्रम कानूनले कामदारहरूको कमाइ ह्वात्तै बढायो।

Turn off = सानो समानान्तर बाटो In highway there are always turn off for rest room and tea shop राजमार्गहरूमा शौचालय र चिया पशलसम्म जाने सानो समानान्तर बाटाहरू हुन्छन।

### सुडोकु-अंक २०५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | १ | | | | ८ | | |
| | | | | ६ | ८ | ३ | | |
| | | ८ | | | | | | ६ |
| | | | ३ | | ९ | | २ | ७ |
| ८ | | | | | | | | ९ |
| ७ | ९ | | २ | | ४ | | | |
| २ | | | | | | ९ | | |
| | | ९ | ५ | ७ | | | | |
| | | ३ | | | | २ | ७ | |

### अंक २०४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ७ | ६ | ९ | ४ | १ | २ | ३ | ८ |
| ९ | २ | १ | ६ | ८ | ३ | ७ | ४ | ६ |
| ३ | ८ | ४ | ५ | २ | ७ | ६ | ९ | १ |
| ४ | ३ | ७ | ८ | ६ | ९ | १ | ५ | २ |
| २ | १ | ९ | ७ | ३ | ५ | ८ | ६ | ४ |
| ८ | ६ | ५ | ४ | १ | २ | ३ | ७ | ९ |
| ७ | ४ | ८ | १ | ९ | ६ | ५ | २ | ३ |
| ६ | ९ | ३ | २ | ५ | ८ | ४ | १ | ७ |
| १ | ५ | २ | ३ | ७ | ४ | ९ | ८ | ६ |

## समाचार संक्षेप

### सवारी दुर्घटनामा परी २ जनाको मृत्यु

काठमाडौं। महोत्तरी,मनराशिसवा नगरपालिका-६ स्थित जलेश्वर-बर्दिवास सडक खण्डमा बिआर ०५ पी २०२२ नम्बरको गाडी अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा गाडीमा सवार भारत सितामढी, ग्राम पञ्चायत मुढा बस्ने ३५ वर्षीय राजेश सिंहको घटनास्थलमै मृत्यु भएको छ।

काभ्रेपलाञ्चोक,बनेपा नगरपालिका-४ सेरास्थित सडकमा प्रदेश ३-०२-०१० प ६८०२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँस्थित सेरा डेरा गरी बस्ने सिन्धुली गोलन्जोर गाउँपालिका(२घर भएका नारायण परियारको ५ वर्षीय छोरा समिर परियारको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका ती बालकको शिर मेमोरियल अस्पताल बनेपा हुँदै थप उपचारको क्रममा न्युरो अस्पताल बाँसबारीमा मृत्यु भएको हो।

### मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं, शंखरापुर नगरपालिका-६ साँखु बस्ने सोलुखुम्बु गार्मा गाउँपालिका-२ घर भएका ६५ वर्षीय ग्याल्जेन तामाङ कागेश्वरी मनोहरा नगरपालिका-५ थली भिमबारीस्थित चटपटे बेच्ने टहरोमा मंगलबार मृत अवस्थामा फेला परेका छन्।

यसैगरी काठमाडौं महानरगपालिका-४ चुनदेबी ढुकु फुटसल नजिक टहरोमा डेरा गरी बस्ने काभ्रे शिखरपुर घर भएका २० वर्षीय सन्तोष तामाङ आफ्नै कोठामा सुतिरहेको अवस्थामा मंगलबार मृत फेला परेका छन्। पाँचथर, मिक्लाजुङ गाउँपालिका-५ बस्ने ५७ वर्षीय महानन्द राई घर नजिकैको स्कुसको झ्याङमुनी सोमबार मृत अवस्थामा फेला परेका छन्।

### सवारी दुर्घटनामा परी ९ जनाको मृत्यु

काठमाडौं। काठमाडौं, सर्लाही, दाङ, मोरङ, सप्तरी र धनुषाका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ९ जनाको मृत्यु भएको छ।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ स्थित निर्माण कार्यमा संलग्न ना २ क ३२३ नम्बरको निसान गाडी सडकबाट तल खसेर दुर्घटना हुँदा सिन्धुली-१ घर भएका २३ वर्षीय मनिष कार्की र सिन्धुली मरिनखोला-७ घर भएका २४ वर्षीय मानकुमार माझीको घटनास्थलमै मृत्यु भएको छ।

यसैगरी काठमाडौं, किर्तिपुर नगरपालिका-६ चोभार मन्जुश्री पार्क नजिक सडकमा बा.४ ख ४५६५ नम्बरको टिपर र स.१० प ४९१३ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक खोटाङ च्याङसीटार-५ बस्ने २४ वर्षीय सरोज राईको घटनास्थलमै मृत्यु भएको छ। सर्लाही, धनकौल गाउँपलिका-५ छटिघाटस्थित सडकमा बीआर ३० यु ४१९१ नम्बरको मोटसाइकल आफैं अनियन्त्रित भई पुलबाट करिब १० फिट तल खसेर सोमबार साँझ दुर्घटना हुँदा चालक कौडेना नगरपालिका-६ सक्रोल बस्ने ३५ वर्षीय प्रमोद रायको मृत्यु भएको छ।

दाङ, घोराही उपमहानगरपालिका-१८ मुसलबान डाँडास्थित सडकमा लु.६५ प ८०३८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकल चलाइरहेकासोही ठाउँ बस्ने १७ वर्षीय बीरेन्द्र रोकामगरको मृत्यु भएको छ। दुर्घटनमा गम्भीर घाइते भएका उनको राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मृत्यु भएको हो।

यसैगरी दाङ, राप्ती गाउँपालिका-८ बिजौरीस्थित सडकमा लु.१ ख ७००६ नम्बरको ट्रकमा रा.३ प १३७३ नम्बरको मोटरसाइकल ठोक्किदा मोटरसाइकल चालक सोही गाउँपालिका-७ अननपुर बस्ने २७ वर्षीय अनिल चौधरीको सोमबार राति मृत्यु भएको छ। गम्भीर घाइते भएका उनको लमही अस्पताल दाङमा उपचारको क्रममा मृत्यु भएको हो। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मोरङ, विराटनगर महानगरपालिका-१५ झमेली चोकमा मे.७ प ६३३२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीया बिखिया देवी साहको सोमबार बेलुका मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। मोटरसइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरी, सुरुङगा नगरपालिका-४ कन्कपुरस्थित सडकमा प्रदेश २-०१-००१ प ५२६४ नम्बरको मोटरसाइकल स.१ त ३०८६ नम्बरको ट्याक्टरमा ठोक्किदा मोटरसाइकल चालक खडक नगरपालिका(३ बस्ने २५ वर्षीय सागर चौधरीको मृत्यु भएको छ। गम्भीर घाइते भएका उनको राउ अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनालाई सोही अस्पताल हुँदै थप उपचारका लागि धरान घोपा रिफर गरिएको छ। फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

धनुषा, बिदेह नगरपालिका-५ मुडिवास्थित सडकमा ज.१ त ६९६३ नम्बरको ट्याक्टर अनियन्त्रित भई मंगलबार बिहान दुर्घट्ना हुँदा ट्याक्टरमा सवार सोही ठाउँ बस्ने २५ वर्षीय दिलिप पासवानको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ट्याक्टर चालक सोही नगरपलिका(६ गिद्धा बस्ने ४५ वर्षीय सिंगेश्वर दासलाई उपचारका लागि जनकपुरतर्फ पठाइएको छ।

### सवारी दुर्घटनामा ५ जनाको मृत्यु

काठमाडौं। काठमाडौं, पाँचथर, मोरङ र रामेछापका छुट्टाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु भएको छ। काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ स्थित सडकमा ना.२ क ३२३ नम्बरको निसान गाडी अनियन्त्रित भई सडकदेखि करिब २ सय ५० मिटर तल खसेर सोमबार बिहान दुर्घटना हुँदा गाडीमा सवार २ जनाको घटनास्थलमै मृत्यु भएको छ। मृत्यु हुनेहरूमा सिन्धुली कमलामाई नगरपालिका-१ घर भएका २३ वर्षीय मनिष कार्की र सिन्धुली मरिनखोला गाउँपालिका-७ घर भएका २४ वर्षीय मान कुमार माझी रहेका छन्। फरार गाडी चालकको प्रहरीले खोजी गरिरहेको छ।

पाँचथर, फिदिम नगरपालिका-१ बतासे खोल्सीस्थित सडकमा मे.१ त ४१८५ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब १ सय मिटर तल खसेर सोमबार बिहान दुर्घटना हुँदा ट्याक्टर चालक सुनसरी झुम्का बस्ने २६ वर्षीय सन्तोष लम्जेलको मृत्यु भएको छ।

मोरङ, बिराटनगर महागनगरपालिका-४ अमाहि ईकराहीस्थित सडकमा अन टेष्ट लेखिएको ट्याक्टर सडकबाट करिब १० फिट तल खसेर आइतबार राति दुर्घटना हुँदा चालक सुनसरी बर्जु गाउँपालिका-६ चिमडी बस्ने ५५ वर्षीय आशाराम चौधरीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि कोशी अस्पताल बिराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

### ४ जना मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं महानगरपालिका-१७ कुस्लेचौर बस्ने ५२ वर्षीय नन्द कृष्ण मानन्धर आफ्नै घरमा सुतिरहेको अवस्थामा सोमबार मृत फेला परेका छन्। भक्तपुर, भक्तपुर नगरपालिका(३ बराहिथान नजिक हनुमन्ते खोलाको किनारमा सोही नगरपालिका(८ च्यामासिंह बस्ने २० वर्षीय हरीसुन्दर कपाली आइतबार मृत अवस्थामा फेला परेका छन्। झापा, दमक नगरपालिका-९ मा डेरा गरी बस्ने एकिन नाम, थर, वतन नखुलेका करिब ६० वर्षीय सेवक सुनार नाम बताउने पुरुष आफ्नै कोठामा आइतबार मृत अवस्थामा फेला परेका छन्। जाजरकोट, भेरी नगरपालिका(१ कालेगाँउ बस्ने ५६ वर्षीय नेत्र बहादुर बस्नेत सोही नगरपालिका(३ सातदुलामा आइतबार मृत अवस्थामा फेला परेका छन्।

### हात्ती आक्रमणबाट एकको मृत्यु

सुनसरी। जंगली हात्तीको आक्रमणबाट कोशी गाउँपालिका(६ सुकुमबासी टोल बस्ने ३२ वर्षीय प्रमोद यादवको सोमबार बिहान मृत्यु भएको छ। गहुबारीमा पानी लगाउन जाने क्रममा जंगली हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको बताइएको छ।

### दुर्घटनामा एक जनाको मृत्यु

काठमाडौं। काठमाडौं महानगरपालिका-३२ बानेश्वर तिनकुनेस्थित बा.३३ प २४७९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार काठमाडौं जडिबुटि बस्ने सिन्धुपाल्चोक जुगल गाउँपालिका(२ घर भएका २२ वर्षीय भुवन कटुवालको मृत्यु भएको छ।

# Son of the People



Kim Jong Il (1942-2011), Chairman of the National Defence Commission of the Democratic People's Republic of Korea, used to say that he regarded it as his motto of life that the people were above him and he was their son.

**What did he mean?**

We can find the answer to this question in the following anecdotes.

It is well known that he often used a train for his visit to factories and farms across the country. Train is supposed to whistle at certain places. But he disallowed the driver of his train to give whistles at midnight or dawn lest it should wake the people from sleep.

On December 4, 2011, about ten days before he passed away, he visited the Amusement Park of Kaeson Youth Park despite the unusually cold weather. When the employees of the park asked him why he had to come on such a cold day of all days, he replied with a smile on his face that only then, could the people come here on fine days.

During his days at Kim Il Sung University, he took part in a road widening project in Pyongyang. One day he saw an old woman collecting coal in the site of a demolished house near the project site. When he asked her why she was doing that, she answered that she did not want to leave the precious coal wasted. Hearing her out, he praised her and dug up the coal for her. As she, touched with gratitude to him for the help, expressed her thanks, he said that he was also a son of the working people.

These are just short stories which show his great devotion to the people. He never hesitated to enter a deep pit to see miners there nor ceased his field-guidance tour even in biting cold or sweltering heat.

In December 2011, the last days of his life, his doctors tried, out of concern for his poor health, to dissuade him from continuing with his field guidance. But he dug his heels in and said to them: I am really sorry, but I cannot do as you told; instead you should do as I tell you to. Then he set out on his journey for field guidance. And he passed away on the journey.

This is the image of Chairman Kim Jong Il the Korean people revere so much.


**Option of Chairman Kim Jong Il**

In early January 1995, the next year after President Kim Il Sung (1912-1994) of the Democratic People's Republic of Korea passed away, a publication of a western country carried an article which read:

It is meaningful that Kim Jong Il, de facto successor to President Kim Il Sung, did not deliver a New Year's Address but instead inspected a Korean People's Army unit at the beginning of the new year.

The future direction of the statesmanship of the new leader of a country and the main political force he will rely on are usually decided by the first item on his agenda. Proceeding from this fact, it will be interesting to wait and see what the significance of Kim Jong Il's recent inspection would be. …

In those days socialist Korea was experiencing the severest trials.



The imperialist allied forces, taking advantage of the collapse of socialism in Eastern European countries, turned the spearhead of its anti-socialist offensive to the DPRK. Worse still, devastating natural disasters hit the country for several consecutive years. Hostile forces intensified economic blockade against it and sent military reinforcements to wage war rehearsals on the Korean peninsula, aggravating the situation to the extreme. Their intention was to make the country kneel down or occupy it by force of arms.

To cope with the prevailing situation, Chairman Kim Jong Il (1942-2011) of the DPRK National Defence Commission chose the road of Songun. During his ceaseless field inspections of the KPA units he paid a special attention to intensifying politico-ideological education of service personnel to imbue them with a firm will to fight for the country, socialism and people at the cost of their lives. He also paid close heed to developing defence industry on a preferential basis and thereby building the KPA into a powerful army equipped with modern military hardware. Under his leadership the KPA was developed into an army which is fully prepared both for offensive and defence.

He set up the KPA as the motive force not only of national defence but also of socialist construction. The fighting spirit the soldiers had displayed in building a large-sized power station was named the revolutionary soldier spirit and spread throughout society.

As a result, the DPRK safeguarded its socialism and has entered a new era of building a powerful socialist country.

Now the Korean people are confident about the future of a powerful socialist country. History has proved that option of Chairman Kim Jong Il was correct.

**Nine Years of Upholding Kim Jong Il's Instructions**

Nine years have elapsed since Kim Jong Il, eternal Chairman of the National Defence Commission of the Democratic People's Republic of Korea, passed away (December 17, 2011).

In those years the Korean people have been faithful to his lifetime instructions.

Kim Jong Un, Chairman of the State Affairs Commission of the DPRK, has always been in the vanguard of their sacred struggle to implement them.

As Kim Jong Il did, he has always been on the journey of on-site guidance across the country to motivate the people to the struggle. Wherever he goes, he acquaints himself with the implementation of Kim Jong Il's instructions related with the unit, and set forth the directions and methods to this end.

Under his leadership, the Korean people have achieved notable successes in their efforts to carry through Kim Jong Il's lifetime instructions.

In December 2012, the Korean scientists and technicians successfully launched the satellite *Kwangmyongsong 3-2*, thus implementing his instructions on launching an application satellite in 2012 on the occasion of the centenary of the birth of President Kim Il Sung.

Changjon Street in the centre of Pyongyang, People's Theatre, Breast Tumour Institute under the Pyongyang Maternity Hospital, People's Open-air Ice Rink, Roller Skating Ground, Paektusan Hero Youth Power Station and other major construction projects, which Kim Jong Il had initiated and paid great attention to, were brought to successful completion.

As he wished, in the DPRK today in the flames of the campaign of breaking through the cutting edge, rapid development has been achieved by dint of science and technology, and many factories and enterprises in the metal, chemical and several other industries have been renovated or built.

The Munsu Water Park, Mirim Riding Club, Masikryong Ski Resort and several other bases for mass cultural and leisure activities have been established in various parts of the country, and modern streets including Mirae Scientists and Ryomyong have been built.

Last year the city of Samjiyon, situated in the northernmost part of the country, was spruced up as a model of mountain towns, and in Yangdok County in the middle part of the country an excellent hot spring resort was built.

This year, too, a lot of modern factories have been built to make contributions to the development of the national economy and improvement of the people's living standards, and several areas hit by floods and typhoons have been transformed into socialist fairylands.



It is the staunch faith and unshakable will of the Korean people to carry out every one of Kim Jong Il's lifetime plans and instructions in a thorough-going way.

## पत्रकारिता तालिम शुरू

काठमाडौं । गोकर्णेश्वर , कागेश्वरी मनोहरा र शंखरापुर नगरपालिकामा पत्रकारिता तालिम शुरु भएको छ । मदन भण्डारी फाउन्डेसन काठमाडौंको आयो जनामा शुरु भएको तालिममा तीन नगर पालिकाका सबै वडाबाट प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ ।

सो तालिममा आधारभूत पत्रकारित, स्थानीय तह, संघियता, नेपाली कम्युनिस्ट आन्दोलन लगायतका विषयमा वरिष्ठ प्रशिक्षकहरुले प्रशिक्षण दिने मदन भण्डारी फाउन्डेसन काठमाडौंका उपाध्यक्ष उद्धव भण्डारीले जानकारी दिएका छन ।

उक्त तालिम उद्घाटनमा तालिमको उद्देश्यमाथि प्रकाश पार्दै मदन भण्डारी फाउन्डेसनकी केन्द्रीय सचिव पेम्बा लामाले स्थानीय तहका सकारात्मक र सृजनात्मक कामहरुलाई संचार माध्यम र सामाजिक संजाल मार्फत व्यवस्थित प्रचार गर्ने जनशक्ति उत्पादनका लागि तालिम आयोजना गरेको बताएकी छन ।

पहिलो चरणमा बुढानिलकण्ठ, टोखा र तारकेश्वर नगरपालिकामा पत्रकारिता तालिम सम्पन्न गरिएको जानकारी दिदै तालिम व्यवस्थापन समितिका संयोजक इन्द्र डंगोलले पौष १ गते बाट काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिकाको तालिम शुरु हुने बताएका छन ।

काठमाडौं जिल्लाका ११ वटै पालिकाका १३८ वटै वडाका प्रशिक्षार्थीहरुको सहभागितामा हुने तालिममा आधारभूत पत्रकारिता , स्थानीय तह र नेपालको कम्युनिस्ट आन्दोलन लगायतका विषयमा प्रशिक्षण प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

सुशासन र समृद्धिका लागि संचार अभियानका रुपमा छ दिन सैद्धान्तिक र तीन महिना प्रयोगात्मक रुपमा संचालन हुने तालिमको अन्तिम चरणमा दक्षिणकाली, चन्द्रागिरी र किर्तिपुर नगर पालिकामा तालिम संचालन हुने आयोजकले जानकारी दिएको छ।

## सोयाविन खाँदाका फाइदा



सोयाविन एउटा यस्तो शाकाहारी भोजन हो जसमा मांसहारमा भन्दा पनि धेरै प्रोटिन र पोषक तत्व पाइन्छ । यसको प्रयोग विभिन्न तरिकाले गर्न सकिन्छ । सोयाबिन खानाले तपाई सुन्दर समेत देखिनुहुनेछ । सोयाबिनमा ओमेजा-६, ओमेगा-३, फाइबर जस्ता तत्वहरू पाइन्छन् । यसको प्रयोगले बिरामीहरूलाई राहत मिल्छ । जो मानिसहरू बारम्बर सोयाविन खाने गर्छन् उनीहरू छिटो बुढो पनि हुँदैनन् । यसमा भिटामिन वी कम्प्लेक्स र भिटामिन इ प्रचुर मात्रामा पाइन्छ । जसले शरिर निर्माणमा अमिनो एसिड प्रदान गर्छ । यसले हाम्रो शरिरमा उर्जा प्रदान गर्छ । सोयाविनमा कोलस्ट्रोलको कमी भएका कारण मुटु रोगीले सोयाविन खानु राम्रो हुन्छ । आधा कप रोस्टेड सोयाविन ८ हप्तासम्म लगातार खाने हो भने ब्लड क्यानसर कन्ट्रोल हुन्छ । अनुहार सम्बन्धी रोगलाई लाभकारी हुन्छ । यसले शरिरको रगतलाई सफा गर्ने काम गर्छ । एनीमियाबाट बच्न पनि सोयाबिनले मदत गर्छ ।

सोयाबिन खानाले मेमोरी पावर बढ्छ । यसकारण तनाव र चिडचिडापन हट्छ । यसले मनलाई शान्त बनाउँछ । यसको लगातार प्रयोगले हड्डीको कमजोरी कम हुन्छ । यसका कारण अस्टियोपोरोसिस रोगको खतरा पनि कम भएर जान्छ । यसमा भरपुर क्यानसर प्रतिरोधक क्षमता हुन्छ । यसको प्रयोगले स्तन र प्रोस्टेट क्यानसरलाई धेरै हदसम्म रोक्ने काम गर्छ । शरीरलाई प्रोटिनको धेरै नै आवश्यकता पर्छ । सोयाबिनमा दुधमा अण्डा, मासु, माछामाभन्दा बढी प्रोटिन हुन्छ । यसको प्रयोगले दिमाग, मुटु, नङ, कपाललाई बलियो बनाउने काम गर्छ ।

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं ।
पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## यसकारण विघटन गरें सरकार र संसद्

**सन्दर्भ पुस १**

आगे प्यारा प्रजा, गैह्रके यथोचित,

जनताले छानेका प्रतिनिधिहरूले नै देशप्रति ज्यादा जिम्मेवारी महसुस गरी प्रजातन्त्रको जग मजबुत हुने वातावरण पैदा गर्छन् र देशमा स्थिरता आई विकास द्रुत गतिले हुन्छ भन्ने विश्वास लिई करिब दुई वर्षअघि देशमा आमचुनाव गराएको सबैमा विदितै छ । फलस्वरूप कांग्रेस बहुमतमा आयो र जनताको विश्वास प्राप्त गरेको पार्टीलाई संविधानअनुसार शासनभार सुम्पी देशप्रतिको जिम्मेदारी हिस्सेदार बनाउन पाउँदा अत्यन्तै सन्तोष लाग्नुका साथै केही वर्षदेखि देशमा भएको अस्थिरताले हामीमा पैदा गरेको चिन्ता हराउनु पनि स्वाभाविकै कुरा भएको थियो ।

त्यसपछि देशमा घटेको परिस्थितिको अध्ययन गरी हामीबाट समयसमयमा जनप्रतिनिधिहरू र सरकारमा रहेका व्यक्तिलाई समेत कर्तव्यबाट च्युत नहुने संकेत गरेको कुरा पनि सबैले सम्झेकै हुनुपर्छ । प्रजातान्त्रिक पद्धतिअनुसार छानिएका प्रतिनिधिहरूद्वारा जनता र सरकारका बीचमा भएको भ्रमात्मका वातावरण राम्रोसित सुल्झाई राष्ट्रको हित र विकास गर्ने पूरा कोशिस हुनेछ भन्ने सबैले आशा एवं विश्वास राखेका थिए, तर त्यसको ठीक उल्टो प्रजातान्त्रिक पद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थ पूर्ति गर्न अधिकार प्रयोग गरियो । ऐनरकानुनको मर्यादा नराखी छिटोछरितो र योग्य बनाउने नाममा यो मन्त्रिमण्डलले देशका प्रशासनयन्त्र निस्क्रीय र आधारहीन बनाउने चेष्टामा लाग्यो ।

अधिकार दुरूपयोग हुँदा भ्रष्टाचार बढ्नुका साथै अनेकन भ्रान्ति पैदा गराई प्रशासनयन्त्रमा पनि शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रिमण्डल बिल्कुल असमर्थ भएकाले र अराष्ट्रिय तत्वहरूले धैरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने वातावरण आउन



लागेको पनि कसैमा नछिपेको तथा वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको कार्यान्वयनबिना कोरा सिद्धान्तका आधारमा उठाइएका आर्थिक कदमले समाजमा चाहिने परिवर्तनको सट्टा जनतामा अशान्त र दूषित वातावरण मात्र पैदा गरेकाले राष्ट्रको हित तथा प्रजातन्त्रका निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिनु उचित नहुने भएकाले देशको एकता, राष्ट्रियता र सार्वभौम बचाउन, देशमा अमनचयन कायम राख्न र देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमा भएकाले उपर्युक्त वातावरण हटाई शान्तिसुरक्षा कायम राख्न र देशलाई संक्रमण स्थितिबाट बचाउन विशेष अवस्थाको जरुरत पर्न आएकाले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रीमण्डल र संसद् दुवै सदनसमेत हामीबाट आज यो घोषणाद्वारा विघटन गरिबक्सेका छौं ।

कुनै नयाँ व्यवस्था गर्न केही समय लाग्ने हुँदा अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं । हाललाई यस घोषणाद्वारा संविधानका देहायका धारा निलम्बन गरिबक्सेका छौं - भाग २ का सबै धारा, भाग ३ का सबै धारा, भाग ४ को धारा ११ बाहेक अरू सबै धारा, भाग ५ को धारा ५५ बाहेकका सबै धारा, भाग ९ को परिच्छेद ३ तथा धारा ७३ बाहेक र भाग १० का सबै धारा ।

यस व्यवस्थाबाट सरकारी, जंगी तथा निजामती कुनै कर्मचारीले आफ्नो जिम्मेवारी, कामकर्तव्यबाट विचलित हुनु वा अल्मलिनुपर्दैन र सबैले आआफ्नो स्थानबाट आफ्ना कर्तव्य पालना गर्नेछन् र साथै सबै देशवासीको सदिच्छाले नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास लागेको छ । परराष्ट्र विषयमा हामीले दृढतापूर्वका आफ्नो तटस्थता अपनाई सबै मित्र राष्ट्रसँग मित्रताको नीति नै कायम राख्नेछौं र हामी देशमा र विश्वभर शान्ति र मित्रताको कामना गर्दछौं । श्री पशुपतिनाथले देश र जनताको कल्याण गरून् जय नेपाल ।

*(राजा महेन्द्रबाट २०१७ पुस १ गते जारी शाही घोषणा)*

## नेपालको राजनीतिमा...

तर जवाफमा २१ कात्तिकमा भारतीय विदेश मन्त्रालयद्वारा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता रविस कुमारले नयाँ नक्साले सार्वभौम भारतको प्रतिनिधित्व गर्ने भन्दै सीमा परिवर्तन नगरिएको बताए । द्विपक्षीय वार्ताका लागि नेपालले पटक पटक पत्र पठाउँदा पनि दिल्लीले रेस्पोन्स गरेन । सीमा विवाद चलिरहेकै बेला नेपाल र भारत दुवै मुलुक कोरोना महामारीको चपेटामा फँसे । लामो समयसम्म दुवै देश लकडाउन भए । कोरोना कहरकै बीच भारतले उत्तराखण्ड राज्य (सुगौली सन्धि अघि नेपालको भूभाग) को धार्चुला लिपुलेक सडक खण्डको भर्चुअल उद्घाटन गऱ्यो । नेपालसँग सीमाबारे वार्ता गर्न कोरोना संक्रमणलाई कारण देखाउने तर अन्य विदेशी मुलुकसँग सम्बन्ध विस्तार गर्न उच्चस्तरीय भ्रमण र भर्चुअल बैठक गर्ने काममा भारतले सक्रियता देखाइरह्यो । भारतले नेपालको वार्ता प्रस्तावलाई आलटाल गर्दै आएपछि सरकारमाथि लिम्पियाधुरा कालापानी लिपुलेक समेटिएको नयाँ नक्सा जारी गर्न जनस्तरबाट दबाब हुन थाल्यो । अन्ततः नेपालले कालापानी क्षेत्र समेटेर नयाँ राजनीतिक एवं प्रशासनिक नक्सा जारी गऱ्यो । सार्वभौम संसदले संविधान नै संशोधन गरेर निशान छापमा नयाँ राजनीतिक र प्रशासनिक नक्सा समावेश गऱ्यो । नेपालका सबै राजनीतक दलहरू राष्ट्रियताको सवालमा एक भएको यो नै ऐतिहासिक घटना बन्न पुग्यो ।

नेपालले नयाँ नक्सा प्रचलनमा ल्याएपछि पनि भारतले त्यसलाई आफ्नो भूमि गाभेर बनाएको नक्सा भन्दै विरोध गऱ्यो । यसपछि त नेपाल र भारतबीच झन्डै १० महिनासम्म संवादहीनताको अवस्था रह्यो । अर्कोतर्फ सत्तारुढ दल नेकपाभित्र पन्पनाएको शक्ति संघर्षले सीमा विवादलाई नै ओझेलमा पारिदियो । यही मेसोमा प्रधानमन्त्री ओलीले मदन जयन्तीको अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै नयाँ नक्सा जारी गरेका कारण भारतले आफूलाई हटाउन लागि परेको र पार्टीभित्रकै साथीहरूले त्यस्तो प्रयासलाई साथ दिइरहेको आरोप लगाए । यसपछि त नेकपामा महाभारत नै सुरु भयो । प्रचण्ड-माधव नेपाल समूहले ओलीलाई दुवै पदबाट राजीनामा दिन भन्न थाल्यो । ओलीले दल विभाजनसम्बधी अध्यादेश ल्याएर पूर्व एमाले समूहलाई ब्युँताउनेसम्मको प्रयास गरे । पार्टी फुट्ने आँकलन गर्न थालियो । नेकपाभित्रको शक्तिसंघष उत्कर्षमै पुगिरहेका बेला र पार्टी विभाजनको आँकलन भइरहँदा चीनले चासो देखाउन थाल्यो । चिनियाँ राजदूत होउ याङ्छीले राष्ट्रपति, प्रधानमन्त्री, प्रचण्ड, माधव नेपाल झलनाथ खनालसँग राजनीतिक भेटघाट गरिन् । नेकपालाई फुटको संघारबाट चीनले बालबाल बचाइदियो ।

नेपालको राजनीतिमा चीनको सक्रियताले भारत सायद झस्कियो । 'छिमेक पहिलो' वैदेशिक नीति अख्तियार गरेको मोदी सरकारले कात्तिक ५ गते विशेष दूतका रुपमा बाह्य खुफिया एजेन्सी प्रमुख सामन्तकुमार गोयललाई काठमाडौं पठायो । गोयलले मध्यरातमा बालुवाटारमा प्रधानमन्त्री ओलीसँग 'वान टु वान' तीन घन्टा लामो वार्ता गरे । उनी कुन प्रयोजनका निम्ति यहाँ आएका थिए र प्रधानमन्त्रीसँग के विषयमा गोप्य वार्ता भयो, त्यो अझै अज्ञात छ । परराण्ट्र मन्त्रालयलाई समेत सुइाको नदिई काठमाडौं आएका 'रअ' प्रमुख ओलीको निमन्त्रणा आएको प्रचण्ड नेपाल समूहले आशंका गऱ्यो । ओली प्रचण्ड टकराव चलिरहेका बेला 'रअ' प्रमुखको काठमाडौं भ्रमणले विशेष अर्थ राख्ने सर्वसाधारण समेतको बुझाइ हुनु स्वाभाविक हो । लगत्तै कात्तिक १९ र २० गते भारतीय सेनाध्यक्ष मनोज मुकुन्द नरमणेले नेपालको भ्रमण गरे । नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको फुली लगाउन उनी नेपाल आएको भनियो । नरभणे तिनै सेनाध्यक्ष हुन् जसले कालापानी समेटिएको नक्सा नेपालले जारी गर्दा कसैको उत्साहटमा नेपालले नक्सा जारी गरेको भन्न बाँकी राखेनन् । उनले नाम नलिई चीनलाई संकेत गरेका थिए । यस्तो संगीन आरोपको उनले खण्डन नै गरेनन् । यद्यपि उनको भव्य स्वागत गरियो । ११ र १२ मंसिरमा विदेश सचिव हर्षबर्द्धन शृंगला परराष्ट्र सचिवस्तरीय बैठकमा भाग लिन काठमाडौं आए । नेपाल र भारतबीचको संवादहीनताको स्थिति अन्त्य भयो । मंसिर २४ गते भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवाले काठमाडौं आए । उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विश्वासपात्र मानिन्छन् ।

नेकपा विदेश विभागको निमन्त्रणामा चौथाइवाले नेपाल भ्रमणमा आएको भनिए पनि नेकपाका शीर्ष नेताहरूले नै थाहा नपाएको समाचार बाहिरियो । एक महिनाकै अन्तरालमा भारतबाट उच्चस्तरीय चारवटा भ्रमण हुनुले नेपालको राजनीतिमा भारतीय चासो ह्वात्तै बढेको बुझ्न गाह्रो छैन ।

चिनियाँ रक्षामन्त्रीले काठमाडौं भ्रमण गरेपछि भारतीय संस्थापन पक्ष निकै आत्तिएको भ्रमणहरूको श्रृंखलाले पुष्टि गर्छ । नेकपा विभाजनको डिलतिर बढिरहँदा चीनभन्दा पनि भारत गतिवान भएर राजनीतिक भेटघाटलाई तीव्रता दिइरहेको छ । यही बेला राजावादीहरूले देशव्यापी रुपमा भव्य प्रदर्शन गरिरहेका छन् । हिन्दु राष्ट्र र राजसंस्थाको पक्षमा जनलहर उर्लिरहेको छ । यसलाई पनि भारतीय संस्थापन पक्षको समर्थन रहेको धेरैको बुझाइ छ । भाजपालाई प्रशिक्षित गर्ने राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) भारतलाई हिन्दू राष्ट्र बनाउन नसकेपछि नेपाललाई हिन्दु राष्ट्र बनाउने अभियानमा छ । विगतको मधेस आन्दोलनलाई जस्तै राजावादी आन्दोलनलाई अघि बढाएर राजतन्त्र र हिन्दू राष्ट्र फर्काउने अभियान त 'रअ' ले गरिरहेको छैन ? भन्ने आशंका गर्न थालिएको छ ।

## जोर बिजोर...

जोरबिजोर हटाउने सहमतिसँगै आजबाट सबै सार्वजनिक तथा निजी सवारी सडकमा गुड्न पाउनेछन् । काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीका अनुसार तोकिएको स्वास्थ्य मापदण्ड पालना गरेर सबै सार्वजनिक र निजी सवारी चल्न दिने निर्णय भएको छ । 'शहरमा बढेको यात्रुको चापलाई ध्यानमा राखेर शुक्रबारबाट लागू हुनेगरी जोर-बिजोर प्रणाली हटाउने निर्णय भएको छ ,' उनले भने । विगतमा भीडभाड कम गर्न जोर-बिजोर प्रणाली लगाए पनि अहिले अरु कुनै खालका प्रतिवन्धहरू नभएकाले अब जोर(बिजोर मात्रै लगाएर राख्दा सार्वजनिक सवारीमा जोखिम बढ्ने महासंघको भनाइ छ ।

## अध्यादेशबाट...

अरु नेताले हामी हुन बाटो हिँडिरहेका छौं सहमतिको बाटो कि समाप्तिको यसको जवाफ तपाईंहरू दुवै अध्यक्षले दिनुपर्छ भनेका थिए । हामी सहमतिको बाटो हिँडिरहेका छौं भने अध्यादेश र विशेष अधिवेशन मागको दुवै प्रस्ताव फिर्ता गरौं होइन अहिले दुवै पक्ष समाप्तिको बाटोमा हिँडेका हौं भने आफ्नो आफ्नो बाटो लागौं, यसले कोही कसैको टाउको माथि पर्दैन, नेपाल कम्युनिस्ट पार्टीकै भविष्य संकटमा पर्छ, यसको अपजसबाट तपाईंहरू दुवै अध्यक्ष उम्कन पाउनुहुन्न भनेपछि दुवै अध्यक्ष प्रस्ताव फिर्ता गर्न मन्जुर भएका थिए ।

प्रधानमन्त्री ओली कांग्रेस सभापति शेरबहादुर देउवासँग निरन्तर रहेका थिए । देउवाकै समर्थनमा अध्यादेश आएको प्रधानमन्त्री ओलीले बताइरहँदा कांग्रेस अध्यादेशको विरुद्धमा उभिएपछि देउवा पुनर्विचार गर्न बाध्य भए । देउवाले संवैधानि निकायमध्ये ३ मा प्रमुख र अन्य निकायमा २/२ जना सदस्य कांग्रेस तर्फका नियुक्त हुनुपर्ने प्रस्ताव प्रधानमन्त्री ओलीसँग राखेका थिए । ओलीले देउवाकै सहमतिमा अध्यादेश ल्याए पनि पछि देउवाले साथ दिएनन् । देउवाले अध्यादेश प्रकरणलाई 'सर्वसत्तावाद' को संज्ञा दिए । ओलीले पनि कांग्रेसले भाका फेरेको भनेर देउवालाई खुइलयाउन बाँकी राखेनन् । बुधबार बसेको कांगेस शीर्ष नेताहरूको बैठकले संविधानविरुद्ध अध्यादेश ल्याएको ठहर गर्दै त्यसको विपक्षमा उभिने र तत्काल संसद अधिवेशन बोलाउन माग गरेको थियो । जसका कारण नियुक्ति प्रक्रिया टुंग्याउँदा एकातिर पार्टी विभाजनको खतरा अर्कोतिर कांग्रेससहितका दलको विरोधले एक्लिने जोखिमका कारण ओली अध्यादेश फिर्ता लिन बाध्य भएका हुन् । कांग्रेसले रिक्त प्रतिनिधिसभाको उपसभामुखको निर्वाचन नभएसम्म संवैधानिक परिषद्को नियुक्ति अवैधानिक हुने निष्कर्ष निकाल्दै ओलीमाथि दबाब सिर्जना गरेको थियो ।

अध्यादेश खारेजीको माग गर्दै बुधबार सर्वोच्च अदालतमा रिट निवेदन परेपछि न्यायिक निकायको प्रमुखको हैसियतमा प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबरा अर्को बैठकमा सहभागी हुँदा कानुनी र नैतिक प्रश्न खडा हुने स्थिति बनेका कारण ओली थप दबाबमा परे । आफ्नै पार्टी र विपक्षी पार्टीहरूको असहमतिका बाबजुद नियुक्ति प्रक्रिया टुंग्याउँदा संसदीय सुनुवाइ विशेष कमिटीको बहुमतले नियुक्तिको प्रस्ताव अस्वीकृत गर्ने जोखिमका कारण पनि प्रधानमन्त्री ओली सहमतिको बाटो रोज्न बाध्य भएको विश्लेषण गरिएको छ । १५ सदस्यीय संसदीय सुनुवाइ कमिटीमा ओली निकट दुई सांसदले मात्र प्रतिनिधित्व गर्छन् । प्रचण्ड नेपाल समूहले विशेष अधिवेशनको माग गरेपछि ओलीको मात्र होइन, राष्ट्रपति विद्यादेवी भण्डारीको पद समेत धरापमा पर्ने आँकलन गरियो । विशेष अधिवेशन हुँदै हिउँदे अधिवेशनसम्म आइपुग्दा ओलीलाई अविश्वासको प्रस्ताव ल्याएर हटाउने र विद्यालाई महाअभियोग लगाएर शितलनिवासबाट निकाल्ने प्रचण्ड नेपाल, खनाल, गौतमहरूको तयारी थियो । अध्यादेश र विशेष अधिवेशन बोलाउने दुवै प्रस्ताव फिर्ता भएपछि तत्काललाई ओली प्रचण्डबीच अस्थायी युद्ध विराम भएको छ । तर मूल मुद्दा यथावत रहेका कारण शक्ति संघर्षको खेल बिसर्जन कहिले हुने हो यसको जवाफ नेकपाका नेताहरूसँग समेत छैन ।

## नेपालको सार्वभौमसत्ता...

लालकृष्ण आडवाणी आदि हालको पाकिस्तानी भूभागमा जन्मेका थिए भने पाकिस्तानका राष्ट्रपति पर्वेज मुसर्रफ भारतको दिल्लीमा जन्मेका थिए । अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरको जन्म पनि अमेरिकामा भएको होइन । उनी जर्मन मुलका हुन् । तर, राष्ट्रले जव जिम्मेवारी सुम्पिन्छ, त्यसबेला नेता र राष्ट्रसेवक सवैले आफ्नो राष्ट्रप्रति वफादार हुनैपर्दछ । आत्मनिर्णयको अधिकार समेत अरुलाई सुम्पेर विदेशीको कठपुतली वा दास वन्न हुँदैन । नेपाली जनताले चाहेको पनि यति मात्रै हो ।

हरेक मान्छे र राष्ट्रको जीवनमा संकट आउन सक्छ । सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामै संकट आएको नेपालको वर्तमान विषम परिस्थिति संभवतः नेपाली इतिहासकै अभूतपूर्व घटना हो । राष्ट्र जोगाउन भियतनामी जनताले अमेरिका जस्तो ठूलो देशसँग लडाई गर्नुपऱ्यो । चीनले पनि ठूलो संघर्ष गरेको इतिहास छ । सन् १९३७ मा जापानले हमला गर्दा सार्वभौमसत्ता जोगाउन चीनका राष्ट्रवादी तथा कम्युनिष्टहरू एकजुट भएका थिए । नेपालमा पनि राष्ट्रियता जोगाउन सबै शक्ति मिल्नैपर्छ । हामीलाई आपसमा लडाएर अरुले फाइदा लिन चाहेका छन् । यो कटु सत्य बुझ्न सकिएन भने हामी पनि पराधीन बन्न सक्छौं ।

सयकडौं वर्षसम्म हाम्रा पूर्वजले नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गरेर हामीलाई स्वतन्त्र नेपाल हस्तान्तरण गरे । हामीले हाम्रा सन्तानलाई अविभाजित, स्वतन्त्र, शान्त र समृद्ध नेपाल हस्तान्तरण गर्नु पर्दछ । युगले सुम्पेको यो दायित्व पूरा गर्न हामी जात, धर्म, क्षेत्रका आधारमा विभक्त हुनु उचित होइन । हामी सबै नेपाली हौं, भन्ने प्रवल राष्ट्रियभावना लिएर अघि वढ्नुपर्छ । रात जतिसुकै लामो भपनि उज्यालो अवस्य हुन्छ । तर, स्वतन्त्रतामाथि नै खेलवाड गर्न थालेमा नेताहरूले मात्र होइन, त्यस्तो प्रवृत्तिको समर्थन गर्ने सबैले पश्चाताप गर्नेपर्दछ ।

नेपालको सार्वभौमसत्ता नेपालमै छ, तर शक्तिको स्रोत खोज्दै विदेश धाउने केही नेताका कारण सार्वभौमसत्ता कमजोर बन्दै गएको कटुसत्यलाई हामीले स्वीकार गर्नैपर्छ । कहिले पनि पराधिन नभएको नेपालको इतिहास साक्षी छ, ठूलठूला आँधीवेहरीहरूबाट देशलाई जोगाउन नेपालीहरूले ठूलो वलिदान गरेका छन् । नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र अखण्डता जोगाउन नेपालीहरू जेसुकै गर्न पनि तयार छन् । यो इतिहासले पुष्टि गरेको सत्य हो ।

विश्व मानचित्रबाट कैयन् देशहरू लोप भएका छन् । कैयन् देशहरू राजनीतिक र जातीय कारणले विभाजित भएका छन् । सार्वभौमसत्ताप्रति संवेदनशिल हुन नसक्दा पूर्व युगोस्लाभिया जातीय कारणले टुक्राटुक्रा भयो । राजनीतिक स्वार्थमा विदेशी स्वार्थ मिसिदा सोभियतसंघ टुक्रेर १५ राज्यमा विभक्त भयो । लेवनानमा विदेशीकै षडयन्त्रमा गृहयुद्ध चर्कियो । बेरुतमा दुईवटा राजधानी वनाएर मुसलमान र इशाइबीच झगडा लगाउने काम भयो । आज नेपालीहरूलाई जात, धर्म, क्षेत्र, भाषा र सम्प्रदायको आधारमा विभाजित गराएर केही विदेशी शक्तिहरू हाम्रो राष्ट्रिय एकतालाई खण्डित गराउने खोजिरहेका छन् । कुनै पनि वहानामा देश विखण्डित भयो भने हामी नेपालीहरू कोही पनि बलियो बन्न सक्दैनौं । जुनसुकै जात, धर्म, सम्प्रदाय र क्षेत्रका भएपनि पहिले हामी नेपाली हौं । तर, नेपालमा भइरहेको विदेशी चलखेल र जनताले जिम्मेवारी सुम्पिएका नेताहरूबाट भइरहेका राष्ट्रघाती गतिविधिहरूको विश्लेषण गर्दा देश कमजोर हुँदै गएको स्वीकार्नै पर्छ । सार्वभौमसत्ता जोगाउन सचेत र युवा पुस्ताले समयमै खवरदारी गरेनन् भने अन्त्यमा गएर पछुताउनु वाहेक हामीसँग अर्को विकल्प पनि रहने छैन ।

## साल्ट ट्रेडिङ...

महिनासम्म भंसार विन्दुमा रोकिएको कारण कर्पोरेशनको चिनीको कारोबारमा कमि एवं भंसारमा रोकिएको कारण डेमरेज चार्ज वापत तिर्नु परेको रकमको कारण आर्थिक भार पर्न गएको जानकारी सो अवसरमा कर्पोरेसनले गराएको थियो ।

कर्पोरेसनले सरकारको नीति अनुसार आयोडिनको कमीका कारण आम नागरिकमा उत्पन्न हुने शारीरिक तथा मानसिक विकृति हटाउन संचालित कण्ठरोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्वन गरेको जनाएको छ । त्यसैगरी सरकारले अनुदानमा बिक्री वितरण गर्ने रासायनिक मलको लागि छुटयाएको अनुदान रकमको ३० प्रतिशत कर्पोरेशनलाई प्राप्त हुने रकमबाट युरिया, डिएपी, पोटास मल बाहेक अन्य क्षैत्रका किसानलाई समेत सहज रुपमा थप प्रकारको गैर अनुदानित रासायनिक मल सिंगल सुपर फस्फेट, अमोनियम सल्फेट समेत आयात गरि बिक्री वितरण गर्दै आइरहेको जननाएको छ ।

कर्पोरेसनले एकीकृत नमुना वस्ती विकास गर्ने हेतुले व्यवस्थित वस्तीको विकास गर्न आफ्नो सहायक कम्पनी उपहार हाउजिङ कम्पनी लिमिटेड मार्फत चन्द्रागिरी नगरपालिका स्थित आफ्नै जग्गामा ८ वटा भूकम्प प्रतिरोधी भवन निर्माण गरि बिक्री वितरण शुरु गरेको छ ।

## उखु किसानलाई...

भनाइ थियो । त्यसै गरी जसपाका नेता गंगानारायण श्रेष्ठले उखु किसानको माग सदाका लागि अन्त्य गर्नेतर्फ सरकारले पहलकदमी गर्नुपर्नेमा जोड दिएका छन । उनले किसानको माग तत्काल पूरा गरेर घर फिर्तीको वातावरण बनाउन पनि माग गरे । उखु किसानको आन्दोलनप्रति राष्ट्रिय किसान महासंघले पनि ऐक्यबद्धता जनाएको छ । केही दिनदेखि सर्लाही, बारा, पर्सा, रौतहटलगायत क्षेत्रबाट आएका किसानले दिनहुं माइतीघरमा आन्दोलन गर्दै आएका छन । उनीहरूले चिनी उद्योगीबाट उखु बेचेबापतको बक्यौता नपााएसम्म घर नफर्किने अडान लिँदै आएका छन ।

गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई किसानको पैसा नदिने चिनी उद्योगीलाई आवश्यक कारबाही गर्न निर्देशन दिएको छ ।लमन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले चिनी उद्योग भएका जिल्लाका प्रसासन कार्यायलाई चिनी उद्योगीलाई आवश्यक कारबाही गर्न निर्देशन दिने निर्णय भएको बताएका हुन । उनले चार वटा मन्त्रालयबीच भएको संयुक्त छलफलले चिनी उद्योगीलाई कारबाही गर्ने निर्णय गरेको जानकारी दिएका छन । मंगलबार गृह, उद्योग, कृषि र सामान्य प्रसासन मन्त्रालयले गरेको संयुक्त निर्णयले किसानको भुक्तानी दिलाउन आवश्यक पर्ने कारबाहीको अधिकार जिल्ला प्रशासनलाई दिएको हो । जसअनुसार चिनी उद्योग भएका जिल्ला प्रसासन कार्यालयले उद्योगीलाई पक्राउ समेत गर्न सक्ने भएका छन ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले उखु किसानको भेषमा बिचौलियाले राजधानीमा आन्दोलन गरेको बताएका छन् । वास्तविक किसान यसरी आन्दोलनमा नआउने र आएका सबै बिचौलिया भएको निष्कर्ष आफूले चिनी उद्योगका सञ्चालकसँगको छलफलबाट थाहा पाएको मन्त्री भट्टको भनाइ छ । मन्त्री भट्टले सोमबारै चिनी उद्योगीहरूसँग छलफल गरेका थिए । सञ्चारमाध्यममा चिनी मिलले तिर्नुपर्ने बक्यौताका सम्बन्धमा उनले चिनी मिलहरूसँग यथार्थ कति भुक्तानी दिन बाँकी छ भनेर जानकारी लिएका थिए । चिनी मिलहरूले करिब ६५ करोड रुपैंया बक्यौता रहेको बताएका छन । चिनी उद्योगीहरूसँगको बैठकपछि मन्त्री भट्टले किसानलाई पनि वार्ताका लागि बोलाएका थिए । आन्दोलनरत उखु किसानले भने सरकारले पटक-पटक चिनी मिल मार्फत भुक्तानी हुने आश्वासन दिएर आफूलाई झुक्याएको भन्दै सरकारले भुक्तानी दिने शर्तमा मात्र वार्तामा बस्ने भन्दै वार्ता बहिष्कार गरेका छन ।

## मालेको...

सिद्धान्तमाथि नै चोटिलो प्रहार गरेको छ । यसले सरकारलाई झन् स्वेच्छाचारी र निरंकुश बन्न थप शक्ति प्रदान गर्नेछ, जसले तनहुँ जिल्लाको स्थानिय उपभोक्ता समितिको सर्वसम्मत आमन्त्रणमा बुल्दि खोलाको पुल उद्घाटन गर्ने कार्यमा गइरहेका प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका वरिष्ठ नेता श्री रामचन्द्र पौडेललाई यही मंशीर १७ गतेका दिन सरकारद्वारा प्रहरीको बल प्रयोग गरी गराइएको गिरफ्तारी जस्ता निन्दनीय दमनकारी कार्यलाई झन् दुरुत्साहित गर्नेछ ।

नेकपा (माले) सत्ताधारी पार्टी डबल नेकपालाई आफू भित्रको शक्तिसंघर्षलाई सरकार संचालनका कार्यमा प्रवेश नगराउने खबरदारी गर्दै सरकारसँग आफ्नो मिचाहा कार्यशैली तत्काल अन्त्य गरी स्वेच्छारीतन्त्रलाई बढाउने यस अध्यादेशलाई अविलम्ब फिर्ता गर्ने माग गर्दछ । नेकपा (माले) सरकारका यस्ता जनता तथा राष्ट्र बिरोधी कार्यलाई बिरोध गर्नको निम्ति यही पुष ३ गते दिउसो १ बजेदेखि काठमाडौंको माइतिघर मण्डलाबाट शुरु हुने २२ राजनीतिक संगठनको बिरोध-प्रदर्शन तथा सभामा सहभागी हुनको निम्ति जनता-जनार्दन समक्ष हार्दिक अपील समेत गर्दछ ।

## आज...

माइतीघर मण्डलामा जम्मा भई जुलुस प्रदर्शन साथै नयाँ बानेश्वरमा २ बजे कोणसभा आयोजना गर्ने ठेगान भएको छ । उक्त कार्यक्रममा सहभागी हुन सम्पूर्ण जनसमुदायसँग आह्वान गरिएको छ ।

कार्यगत एकतामा सहभागी २२ राजनीतिक दल र संगठनहरूमा नेकपा (मसाल), नेकपा -क्रान्तिकारी माओवादी), नेकपा -माले), राष्ट्रिय जनमोर्चा नेपाल, देशभक्त गणतान्त्रिक मोर्चा नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा -माओवादी केन्द्र), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा संयुक्त, राष्ट्रिय जागरण परिषद् नेपाल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा बोल्सेभिक, राष्ट्रवादी केन्द्र नेपाल, एमसीसी खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान, नेकपा मार्क्सवादी, नेकपा माओवादी (पुष्पलाल), नेकपा माओवादी र समाजवादकी राष्ट्रिय मञ्च नेपाल रहेका छन् ।

# नेपालले ओमान र अमेरिकासाग सिरिज खेल्ने




काठमाडौं । नेपालले सन् २०२१ को मार्चमा ओमान र अमेरिकासँग एकदिवसीय सिरिज खेल्ने भएको छ । आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत दोस्रो सिरिजमा नेपालले ओमान र अमेरिकासँग एक दिवसीय सिरिज खेल्ने भएको हो ।

कोरोना माहामारीको कारण स्थगित भएको क्रिकेट विश्वकप लिग २ को तालिका आईसीसीले पुनः सार्वजनिक गरेको छ ।

तालिकाअनुसार नेपालले मार्च १९ देखि २८ सम्म ओमानमा ओमान र अमेरिकासँग एकदिवसीय सिरिज खेल्ने छ । यस्तै, सन् २०२२ को फेब्रुअरीमा नेपालले घरेलु मैदानमा पीएनजी र युएईलाई आतिथ्यता गर्नेछ । यसअघि नेपालले सन् २०२१ जुलाईमा स्कटल्यान्डमा नामिबियासँग सिरिज खेल्ने छ । सन् २०२२ को जुलाईमा नेपाल अमेरिकाको भ्रमणमा निस्कने छ ।

जहाँ नेपालले अमेरिका र ओमानको सामना गर्नेछ । सन् २०२२ को सेप्टेम्बर २२ देखि अक्टोबर २ सम्म पीएनजीमा नेपालले खेल्नेछ । जहाँ यूएई समेत सहभागी हुनेछ । सन् २०२३ मा समेत नेपालले नामिबिया र स्कटल्यान्डको आतिथ्यता गर्नेछ । लिग २ अन्तर्गत अन्तिम सिरिजमा नेपालले सन् २०२३ को फेब्रुअरीमा यूएईमा, पीएनजी र यूएईसँग खेल्दै लिग २ समापन गर्नेछ । कोरोना माहामारीको कारण स्थगित भएको लिग २ का थप ९६ खेलको तालिका आईसीसीले सार्वजनिक गरेको छ ।

खेलहरू सन् २०२१, २०२२ र २०२३ को सुरुवातमा समापन हुने गरि १४ सिरिजमा विभाजन गरिएको छ । लिग २ का २१ त्रिदेशीय एकदिवसीय सिरिज पश्चात शीर्ष ३ राष्ट्रले आईसीसी क्रिकेट विश्वकप छनोटको लागि स्थान बनाउने छन् । पुछारमा रहेका ४ राष्ट्रले ग्लोबल छनोटबाट आउँने राष्ट्रसँग विश्वकप छनोटको प्लेअफ़ खेल्नुपर्नेछ । नेपालले लिग २ अन्तर्गत गत फेब्रुअरीमा ओमान र अमेरिकासंग घरेलु मैदानमा सिरिज खेलेको थियो । घरेलु सिरिजमा नेपालले २ खेलमा जित हात पार्दा २ मा हार व्यहोरेको छ ।

# स्टार्टअप आइडिया कल

नविनतम सोचका साथ उद्यमी बन्न चाहने युवाका लागि नवप्रर्वतन प्रस्ताव आह्वान कार्यक्रम सुरु भएको छ । सरकार, वित्तीय संस्था र नीति क्षेत्रबीच त्रिपक्षीय सहमतिअनुसार बागमती प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय बाणिज्य बैंक र विशाल फाउण्डेशनले संयुक्त रुपमा नवप्रवर्द्धन प्रस्ताव आह्वान कार्यक्रम सुरु गरेका हुन् । काठमाडौंमा बुधवार आयोजित समुद्घाटन सत्रमा वेबसाइट र भिडियो सन्देशमार्फत पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले समुद्घाटन गर्नु भयो ।

समुद्घाटन मन्तब्य राख्दै पुर्व प्रधानमन्त्रीमाधवकुमार नेपालले व्यवसाय सफल नहुने मुख्य कारण सम्पूर्ण पक्षहरूबीच तालमेल नहुनु हो भन्नु हुँदै उत्पादन, श्रम, पूँजी, बजार र नीतिबीच तालमेल भए मात्र व्यवसाय सफल हुने बताउनुभयो । नेपालमै बसेर स्वरोजगार बन्छु भन्नेका लागि यो कार्यक्रम निकै उपयोगी हुने उहाँको भनाइ थियो ।

आयोजकका अनुसार २०७७ माघ महिनाभरी उद्यमी बन्न चाहने युवाका लागि नविनतम प्रवर्द्धन प्रस्ताव (स्टार्टअप आइडिया कल) को वेबसाइटमार्फत नवप्रवर्द्धन प्रस्ताव आह्वान गरी संकलन गर्ने, उत्कृष्ट आइडिया पठाउने युवाहरूलाई उद्यमशीलता सम्वन्धी निशुल्क तालिम प्रदान गरी राष्ट्रिय बाणिज्य बैंकमार्फत बढीमा तीन प्रतिशत ब्याजदरमा अधिकतम १५ लाख रुपैंयासम्म सहुलियतपूर्ण कर्जा लगानी गरिने छ ।

कार्यक्रममा बागमती प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय अरुण नेपालले बागमती प्रदेशभित्र व्यवसाय गर्ने दुई सय युवाहरूलाई लगानी गरिने बताउनुभयो । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यो कर्जा एकदमै सस्तो र सरल किसिमले पाउने भएकाले सदुपयोग गरी व्यवसाय गर्न आग्रह गर्नुभयो । नवप्रवर्द्धन प्रस्ताव आह्वान, तालिम सञ्चालन र सहुलियतपूर्ण कर्जा प्रवाह कार्यक्रमको समन्वय गरिरहेको विशाल फाउण्डेशनका प्रमुख कार्यकारी अधिकृत विशाल गैरेले त्रिपक्षीय सहकार्यमा निकट भविष्यमा यो कार्यकम अन्य प्रदेशमा पनि लैजाने बताउनुभयो ।

नयाँ नयाँ आइडिया भएर पनि कहाँ जाने, कस्लाई भेट्ने, लगानी कसरी खोज्ने, तालिम कसरी लिने भनेर दुविधामा भएका युवाहरूलाई माघ महिनासम्ममा आइडिया पठाउने युवाहरूलाई गरी फागुन र चैत्र महिनामा तालिम प्रदान गरी सहुलियकतपूर्ण कर्जा प्रवाह हुनेछ । नेपालमा उद्यमी बन्न चाहने युवाका लागि यो स्टार्टअप आइडिया कल निकै उपयोगी हुने विश्वास लिइएको छ ।